रोल्पा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लिवाङ्, रोल्पा
लुम्बिनी प्रदेश

# रोल्पा नगरपालिकाको राजस्व सुधार कार्ययोजना
## (२०८०/८१ - २०८२/८३)
## फाईनल रिपोर्ट



# Revenue Improvement Action Plan (RIAP) of Rolpa Municipality, Rolpa

मिति: २०७९

Aragon Mechydel & Multi Service Pvt. Ltd.

आर्थिक तथा प्राविधिक सहयोग :
प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम
प्रदेश शुसाशन केन्द्र, नेपालगंज

कन्सल्टेन्ट :
एरागोन मेक्हाईडल एण्ड मल्टि सर्भिस प्रा. लि.
गोदावरी नगरपालिका-१२, ललितपुर

# कृतज्ञता

संविधानतःस्थानीय तह भनेको स्थानीय सरकार हो र स्थानीय सेवा प्रवाहका सन्दर्भमा स्थानीय तहले प्रभावकारी भूमिका निर्बाह गरिरहेका छन् ।संघीय सरकार र प्रदेश सरकारले दिने विभिन्न अनुदानहरू,राजस्व बाँडफाँट, रोयल्टीहरू र आन्तरिक श्रोतहरूबाट आउने आम्दानीहरूको आधारमा नै स्थानीय तहहरूले वार्षिक तथा आवधिक योजनाहरू तयार गरी सोही अनुरूप नै कार्यान्वयन हुँदै आइरहेको छ। नेपालको संविधानको धारा ५९मा उल्लेख भए अनुसार संघ, प्रदेश र स्थानीय तहलाई आ-आफ्नो आर्थिक अधिकार सम्बन्धि कानुन बनाउने, वार्षिक बजेट बनाउने, आर्थिक विषयमा निर्णय गर्ने र नीति तथा योजना तयार गरी कार्यान्वयन गर्ने अधिकार प्रदान गरेको छ। संविधान प्रदत्त र उपलब्ध राजस्वका स्रोतहरूको अधिकतम प्रयोग, नयाँ र सम्भावित स्रोतहरूको पहिचान र करदाताको दायरालाई फराकिलो बनाउँदै नगरपालिकाको आन्तरिक आयमा वृद्धि गर्न योजनावद्ध कदमहरू चालेर नगरपालिकालाई आर्थिक हिसाबले सबल बनाउन सहयोग पुगोस् भन्ने उद्देश्यका साथ यो रोल्पा नगरपालिकाको राजस्व सुधार कार्ययोजना (Revenue Improvement Action Plan – RIAP) तयार पारिएको हो। यस कार्ययोजना निर्माण गर्दा नगरपालिकाबाट प्रात तथ्याङ्कहरू खास गरेर आवधिक योजना, वार्षिक योजनाहरू, आर्थिक ऐन लगायतका अन्य सम्बन्धित विवरणहरूलाई सुक्ष्म रूपमा विश्लेषण गरिएको छ। विज्ञहरूबाट गरिएको स्थलगत अवलोकन,अन्तरक्रियाका साथै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको नगरपालिकको राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धि दिग्दर्शन, २०७६लाई मुख्य आधार मानेर यो प्रतिवेदन तयार गरिएको छ ।

यस कार्ययोजना तयार पार्न एरागोन मेक्हाईडल एण्ड मल्टि सर्भिस प्रा. लि. ललितपुर लाई जिम्मेवारी दिनु हुने **रोल्पा नगरपालिकाका** प्रमुख **श्री सुरेन्द्र थापा घर्ती**, उपप्रमुख **श्री गीता आचार्य**, प्रमुख प्रशासकीय अधिकृत **श्री महेन्द्र पराजुली** तथा नगरकार्यपालिका कार्यालय परिवार प्रति हामी कृतज्ञता व्यक्त गर्दछौ। राजस्व सुधार कार्ययोजना तर्जुमाको क्रममा तथ्याङ्क संकलन, विश्लेषण, अभिमुखीकरण कार्यशाला तथा मस्यौदा प्रतिवेदन माथिको छलफल तथा बैठक लगायतका विभिन्न चरणहरूमा प्रत्यक्ष/अप्रत्यक्ष सहयोग पुर्याउनु हुने रोल्पा नगरपालिकाका सम्पूर्ण जननिर्वाचित पदाधिकारीहरू तथा कर्मचारीहरू प्रति हार्दिक आभार व्यक्त गर्दै पदाधिकारीहरूबाट यस राजस्व सुधार कार्ययोजनाको पूर्ण कार्यान्वयनको समेत अपेक्षा गरेका छौं ।

Aragon Mechydel &
Multi Service Pvt. Ltd.

....................
सितल थापा मगर
प्रबन्ध निर्देशक
एरागोन मेक्हाईडल एण्ड मल्टि सर्भिस प्रा. लि.
गोदावरी नगरपालिका— १२, ललितपुर

**विषय सूचीहरू**

तालिकाहरू ........................................................................................ ३

परिच्छेद एक - परिचय ........................................................................................ ४

१.१ पृष्ठभूमी ........................................................................................ ४

१.२ राजस्व सुधार योजनाको औचित्य ........................................................................................ ४

१.३ कार्ययोजनाको उद्देश्य ........................................................................................ ५

१.४ योजना तर्जुमा विधि तथा प्रक्रिया ........................................................................................ ६

१.४.१ सन्दर्भ सामग्री सङ्कलन तथा अध्ययन ........................................................................................ ६

१.४.२ तथ्यांक/सूचना संकलन फारम तथा सूची विकास ........................................................................................ ६

१.४.३ अभिमुखीकरण कार्यक्रम सञ्चालन ........................................................................................ ६

१.४.४ तथ्याङ्क/सूचना संकलन तथा विश्लेषण ........................................................................................ ६

१.४.५ मस्यौदा कार्ययोजना र अन्तिम प्रतिवेदन पेश ........................................................................................ ७

१.५. अध्ययनको सीमा ........................................................................................ ७

परिच्छेद दुई - नगरपालिकाको संक्षिप्त परिचय ........................................................................................ ८

२.१ नगरपालिकाको भौगोलिक अवस्थिती ........................................................................................ ८

२.२ नगरपालिकाको जनसंख्या ........................................................................................ ८

२.३ जातजाति र धर्म ........................................................................................ ९

२.४ आर्थिक स्थिति ........................................................................................ ९

२.५ शैक्षिक स्थिति ........................................................................................ १०

२.६ नगरपालिकाको मानवीय संसाधन ........................................................................................ १०

२.७ नगरपालिकाको भौतिक सम्पत्तिको अवस्था ........................................................................................ १२

परिच्छेद तीन - स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भावना ........................................................................................ १४

३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धि संवैधानिक तथा कानुनी व्यवस्था ........................................................................................ १४

३.२ स्थानीय सरकारको राजस्व अधिकार ........................................................................................ १५

३.२.१ राजस्व अधिकार सम्बन्धि संवैधानिक व्यवस्था ........................................................................................ १५

३.२.२ राजस्व अधिकार सम्बन्धि संघीय ऐनका व्यवस्था ........................................................................................ १६

३.३ आन्तरिक स्रोततर्फ राजस्वका प्रमुख क्षेत्र र सम्भावना ........................................................................................ २२

३.३.१ कर राजस्व ........................................................................................ २२

३.३.२ गैरकर राजस्व ........................................................................................ ३१

परिच्छेद चार - आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था........................ ३८
४.१ राजस्व परिचालन सम्बन्धि नीति........................................ ३८
४.१.१ नगरपालिकाको आ.व.२०७९/०८० राजस्व सम्बन्धि नीतिहरू........................ ३८
४.२ विगतको राजस्व संकलनको अवस्था........................................ ३९
४.३ आय संकलनको संस्थागत क्षमता........................................ ४१
४.४ संस्थागत क्षमता स्वमुल्याङ्कनको अवस्था........................................ ४२
४.५ राजस्व परिचालनमा रहेका सवालहरू........................................ ४३
परिच्छेद — पाँचः राजस्व सुधार कार्ययोजना........................................ ४५
परिच्छेद — छः आगामी तीन वर्षको आय प्रक्षेपण........................................ ४८
६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण........................................ ४८
६.२ नगरपालिकाको आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण........................................ ५१
६.३ अपेक्षित नतिजा........................................ ५३
परिच्छेद — सातः कार्ययोजनाको अनुगमन र मुल्यांकन........................................ ५६
अनुसुची १ - सन्दर्भ सामग्रीहरू........................................ ५८
सहभागिहरूको उपस्थिति........................................ ६८

## तालिकाहरू


तालिका १: नगरपालिकाको घरधुरी तथा जनसंख्या विवरण ........ ९
तालिका २: नगरपालिकामा हाल कार्यरत कर्मचारी विवरण ........ १०
तालिका ३: नगरपालिकाको सम्पती विवरण ........ १२
तालिका ४: संघ, प्रदेश र स्थानीय तहको एकल तथा साझा अधिकारहरू ........ १४
तालिका ५: आन्तरिक आय परिचालनको वर्तमान अवस्था ........ २०
तालिका ६: नगरपालिकाले निर्धारण गरेको सम्पत्तिकरको दर विवरण ........ २३
तालिका ७: प्रस्ताव गरिएको सम्पत्तिकरको दर ........ २४
तालिका ८: अनुमानित घर जग्गा वहाल कर विवरण ........ २६
तालिका ९: व्यवसायीहरूको विवरण र सम्भावित आय ........ २७
तालिका १०: विज्ञापन कर दर ........ ३०
तालिका ११: फोहोरमैलाको लागी प्रस्तावित दर ........ ३१
तालिका १२: विभिन्न प्रमाणित तथा सिफारिस दस्तुरका दरहरू ........ ३४
तालिका १३: राजस्व परामर्श समिति विवरण ........ ३८
तालिका १४: नगरपालिकाको विगत तीनवर्षको आन्तरिक आयको अवस्था ........ ४०
तालिका १५: नगरपालिकाको चालु आ.व. २०७९/८० मा आन्तरिक आयको लक्ष्य तथा प्रगति ..... ४१
तालिका १६: संस्थागत क्षमता स्वमुल्याङ्कनको अवस्था ........ ४२
तालिका १७: आगामी आ.व.का लागि राजस्व प्रक्षेपणका आधारहरू ........ ४८
तालिका १८: आगामी तीन आर्थिक वर्षको आय प्रक्षेपण ........ ५१
तालिका १९: प्रक्षेपित आन्तरिक आयको विश्लेषण ........ ५३

# परिच्छेद एक - परिचय

## १.१ पृष्ठभूमी

नेपालको संविधान २०७२ ले संघ, प्रदेश र स्थानीय गरी तीन तहको सरकार हुने तथा राज्यशक्तिको प्रयोग तीनै तहले गर्ने व्यवस्था गरेको छ । यसै बमोजिम स्थानीय सरकारलाई संविधानद्वारा प्रदान गरिएको कार्य जिम्मेवारी पुरा गर्न आवश्यक पर्ने स्रोत साधनको परिपूर्तीका लागि संघ तथा प्रदेश सरकारबाट वित्तिय समानीकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदान दिन सक्ने व्यवस्था गरेको छ । संघ तथा प्रदेश सरकारबाट प्रदान गरिने यस्तो अनुदानले मात्र स्थानीय तहको खर्च आवश्यकता पुरा गर्न संभव नहुने र राज्य शक्तिको बाँडफाँट गर्दा राज्यको राजस्व अधिकारको समेत तहगत सरकारबीच शक्तिको बाँडफाँट गरिने हुँदा संघीय वित्त व्यवस्थाका मान्यता अनुसार स्थानीय तहलाई विभिन्न कर तथा गैर करहरू लगाउने र उठाउने गरी राजस्व अधिकार समेत संवैधानिक रूपमा प्रदान गरिएको छ। अनुदान र राजस्व अधिकार बाहेक स्थानीय तहले संविधान र संघीय कानुन बमोजिम राजस्व बाँडफाँट बापत रकम प्राप्त गर्नसक्ने र नेपाल सरकारको पूर्व स्वीकृतिमा ऋण लिन सक्ने कानुनी व्यवस्था समेत गरिएको छ ।

स्थानीय सरकारले आ-आफ्नो क्षेत्रमा गर्ने विकास निर्माण कार्यलाई व्यवस्थित गरी जनचाहना अनुरूप सेवा संवैधानिक अधिकारभित्र रही स्थानीय सरकार सञ्चालन ऐन तथा अन्तर सरकारी वित्त व्यवस्थापन ऐनले नगरपालिकालाई आन्तरिक आय परिचालन गर्न सक्ने उल्लेख्य अधिकार दिएको भएतापनि ती अधिकारलाई ऐनको प्रावधान अनुसार व्यवस्थित तथा न्यायोचित तरिकाले पूर्णरूपमा परिचालन गर्न सकिरहेका छैनन् । यसको मुख्य कारण स्थानीय तहको संरचना नयाँ भएकोले त्यसका लागि आवश्यक नीति तथा कार्यविधि, संगठनात्मक व्यवस्था, सूचना तथा तथ्यांकको स्थापना, आयको सम्भाव्यता अध्ययन, नियन्त्रण प्रणालीको स्थापना आदिको स्थापना तथा अभ्यासको कमी हुनु रहेको छ ।

यसै सन्दर्भमा रोल्पा नगरपालिकाको राजस्व सुधारका लागि नगरपालिकाकै नेतृत्वमा सहभागितामूलक पद्धति अवलम्बन गरी राजस्व सुधार कार्ययोजना तर्जुमा गरिएको छ । यस दस्तावेजको निर्माणमा नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी तथा अन्य सरोकारवालाहरूलाई राजस्व परिचालनको क्षेत्रमा आधारभूत जानकारी प्राप्त हुनुका साथै नगरपालिकाको आन्तरिक आयको क्षेत्रमा रहेका समस्या तथा अवसरहरूको पहिचान गरी सुधारको अपेक्षा सहित कार्ययोजना तयार गर्ने र आगामी तीन वर्षका लागि आयको प्रक्षेपणका लागि मार्गदर्शन तयार गरिएको छ ।

## १.२ राजस्व सुधार योजनाको औचित्य

स्थानीय सरकारलाई प्राप्त कानुनी अधिकारको पूर्ण उपयोग नभए सम्म प्राप्त जिम्मेवारीलाई कार्यान्वयन गर्नका लागि कतिपय चुनौतिहरूको सामना गर्नुपर्ने देखिन्छ। स्थानीय सरकारको सवलीकरणका लागि संस्थागत विकास तथा वित्तिय स्रोतको दिगो परिचालन तथा अभिवृद्धि नै स्थानीय शासन संचालनका महत्वपुर्ण क्षेत्रहरू हुन् । स्थानीय सरकारले वैधानिक रूपमा नै स्रोत साधन माथि उल्लेख्य अधिकार प्राप्त गरेको लामो समयसम्म पनि आन्तरिक स्रोत तथा राजस्व कमजोर रहने र निरन्तर संघ तथा प्रदेशबाट प्राप्त हुने अनुदानमा नै भर पर्नु पर्ने अवस्था भएमा स्थानीय सरकारको स्वायत्तता तथा दीगोपनमा प्रश्न चिन्ह लाग्ने सम्भावना रहन्छ। यस परिप्रेक्ष्यमा स्थानीय सरकारले समयमै कानुनले अख्तियारी दिएका क्षेत्रमा आन्तरिक राजस्वको सम्भावना अध्ययन गरी कानुनसम्मत रूपमा राजस्वको क्षमता विस्तार गर्दै जानु आवश्यक हुन्छ ।

## १.४ योजना तर्जुमा विधि तथा प्रक्रिया

राजस्व सुधार कार्ययोजना निर्माण गर्ने कार्य दिग्दर्शनमा उल्लेखित प्रक्रियाहरूको अवलम्बन गरी सन्दर्भ सामग्रीहरूको अध्ययन, तथ्याङ्क तथा सूचना संकलनका लागि आवश्यक फारामहरूको विकास, तथ्याङ्क संकलन तथा विश्लेषण, नगरपालिकाका सम्बद्ध पक्षहरूसंग छलफल, सुझाव संकलन जस्ता विधिहरू प्रयोग गरिएको थियो । अध्ययनका क्रममा अवलम्बन गरिएका विधिहरूलाई देहाय अनुसार प्रस्तुत गरिएको छ।

### १.४.१ सन्दर्भ सामग्री सङ्कलन तथा अध्ययन

राजस्व सुधार कार्ययोजना तयारी गर्ने अध्ययन कार्यको प्रथम चरणमा विभिन्न स्रोतहरूबाट सन्दर्भ सामग्रीहरू संकलन, अध्ययन तथा पुनरावलोकन गरिएको थियो। प्रतिवेदनका लागि आवश्यक सूचना नगरपालिकाको कार्यालयमा रहेका राजस्व शाखा, लेखा शाखा, योजना शाखा, पूर्वाधार शाखा, प्रशासन शाखा लगायत अन्य शाखा र एकाइहरूबाट संकलन गरिएको थियो। थप सूचनाका लागि सम्बन्धित कर्मचारी तथा पदाधिकारीहरूसँग छलफल गरिएको थियो । यस क्रममा अध्ययन तथा पुनरावलोकन गरिएका मुख्य सन्दर्भ सामग्रीहरू अनुसूचीमा दिइएको छ ।

### १.४.२ तथ्यांक/सूचना संकलन फारम तथा सूची विकास

विभिन्न सन्दर्भ सामग्रीहरूको अध्ययन तथा विश्लेषण गरी परामर्शदाता संस्थाले सूचना संकलनका लागि आवश्यक फारामहरूको विकास गरेको थियो। नगरपालिकाको राजस्व सुधार कार्ययोजनाको सन्दर्भमा तथ्यांक संकलनको लागि प्रयोग गरिएको फारामहरू अनुसूचीमा प्रस्तुत गरिएको छ। यसका साथै राजस्व परामर्श समितिका संयोजक, प्रमुख प्रशासकीय अधिकृत र राजस्व शाखा प्रमुखको अन्तर्वाताबाट पनि सूचना संकलन गरिएको थियो।

### १.४.३ अभिमुखीकरण कार्यक्रम सञ्चालन

नगरपालिकाका मुख्य सरोकारवाला व्यक्तिहरू कार्यपालिकाका सदस्य, प्रमुख प्रसाशकीय अधिकृत, शाखा प्रमुख तथा राजस्व परामर्श समितिका सदस्यहरूको सहभागितामा राजस्व सुधार कार्ययोजना सम्बन्धि एक दिने अभिमुखीकरण कार्यक्रम (२०७९ चैत्र १७ गते) सम्पन्न गरिएको थियो। उक्त अभिमुखीकरण कार्यक्रममा राजस्व सुधार योजनाको अवधारणा, उद्देश्य, विधि प्रक्रियाका बारेमा छलफल तथा अन्तरक्रिया गरिएको थियो। यो अभिमुखीकरण कार्यक्रममा नगरपालिकाका करिब ४३ जना सरोकारवालाहरूको सहभागिता रहेको थियो ।

### १.४.४ तथ्याङ्क/सूचना संकलन तथा विश्लेषण

राजस्व सुधार कार्ययोजना तयारी गर्ने अध्ययनका क्रममा परामर्शदाताद्वारा नगरपालिकाका विभिन्न शाखाहरू तथा सरोकारवाला पक्षहरूसँग छलफल, स्थलगत अवलोकन एवम् प्रकाशित अप्रकाशित प्रतिवेदनहरूबाट आवश्यक सूचनाहरू संकलन गरिएको थियो। अध्ययनका क्रममा निम्न क्षेत्रगत तथ्यांक एवं सूचनाहरू संकलन गरिएको थियो ।

- चालु आ.व.को आर्थिक तथा विनियोजन ऐन तथा बजेट
- कर्मचारी विवरण तथा संगठन संरचना
- राजस्व वृद्धिका लागी गरिएका प्रयासको अभिलेखीकरण
- गत तीन आ.व. तथा चालु आ.व. को हालसम्मको यथार्थ आय विवरण

स्थानीय सरकारको बढ्दो खर्च धान्नका लागि र उनीहरूको सामर्थ्य वृद्धि गर्नका लागि पनि ती निकायहरूको आन्तरिक राजस्व परिचालन क्षमतामा वृद्धि गर्नुपर्ने आवश्यकता अपरिहार्य बन्न पुगेको छ । यसका लागि स्थानीय तहको राजस्व अधिकारका संभावनाहरूको खोजी गर्ने, संभाव्य क्षेत्रको राजस्व परिचालनका लागि अवलम्बन गर्नुपर्ने नीतिगत, कानुनी र व्यवस्थापकीय सुधारका उपायहरू पहिचान गरी कार्यान्वयनमा ल्याउने र ती सबै प्रयासका आधारमा आगामी दिनमा परिचालन गर्न सकिने वास्तविक आन्तरिक आयको प्रक्षेपण गर्ने कार्यका लागि राजस्व सुधार कार्ययोजना आवश्यक देखिन्छ ।
नेपाल सरकारले हरेक बर्ष नगरपालिकाहरूलाई विभिन्न किसिमका अनुदान प्रदान गर्ने व्यवस्था रहेको छ। अनुदानको प्राप्ति संगै नगरपालिकाले वित्तिय अनुशासन तथा वित्तीय नियमको पालना गर्नुपर्ने प्रावधान रहेको छ । वित्तीय व्यवस्थापनको पालना भित्र नगरपालिकाहरूले आफ्नो आन्तरिक स्रोतको प्रक्षेपण गर्ने, सम्भाव्यता अध्ययन एवं राजस्व अभिवृद्धिका लागि छुट्टै योजना तर्जुमा गरी कार्यान्वयन गर्नु पर्ने कुरालाई समेत अनिवार्य बनाएको छ । त्यसअर्थ स्थानीय सुशासन र सेवा प्रवाहमा प्रभावकारी र उपलब्धिमूलक नतिजा प्राप्तिका लागि रोल्पा नगरपालिकाको राजस्व प्रशासनलाई थप प्रभावकारी बनाई राजस्व परिचालन बढाउने प्रयास स्वरूप राजस्व सुधार कार्य योजनाको आवश्यकता देखिन्छ ।
रोल्पा नगरपालिकाको नेतृत्वमा सहभागितामूलक प्रक्रिया अवलम्बन गरी राजस्व सुधार कार्ययोजना तर्जुमा गरिएको छ । यो कार्ययोजना निर्माण बाट नगरपालिकाका मुख्य सरोकारवाला पक्षहरू लाई राजस्व परिचालनको क्षेत्रमा आधारभूत अभिमुखीकरण प्राप्त गर्नका साथै नगरपालिकाको आन्तरिक आय सुधारका लागि समस्या तथा अवसरहरूको पहिचान भएको छ र मुख्य उपलब्धिका रूपमा नगरपालिकाको राजस्व सुधार कार्ययोजना तयार हुनुका साथै आयको प्रक्षेपणलाई मार्गदर्शन गर्ने दस्तावेज तयार भएको छ ।

## १.३ कार्ययोजनाको उद्देश्य

यस कार्ययोजना तयार गर्नुको मुलभूत उद्देश्य रोल्पा नगरपालिकाको आन्तरिक आयको विद्यमान अवस्था, स्रोतको संभावना र समस्याहरूको विश्लेषण गरी सोको आधारमा आगामी ३ वर्षको आय प्रक्षेपणमा नगरपालिकालाई सहयोग पुर्याउनु रहेको छ । यस कार्ययोजनाका विशिष्ट उद्देश्यहरू निम्न अनुसार रहेका छन् ।

- नगरपालिकाको आय अधिकार तथा सुधार योजना सम्बन्धमा निर्वाचित जनप्रतिनिधिहरू, राजस्व परामर्श समितिका पदाधिकारीहरू तथा कर्मचारीहरू सहित अन्य सरोकारवालाहरूलाई अभिमुखीकरण गर्ने ।
- आयका स्रोतहरूको सम्भावना र यथार्थ असुलीमा भएको फरकको पहिचान गरी आन्तरिक स्रोतको वृद्धि गर्ने ।
- शीर्षकगत रूपमा करका आधार तथा विगत तीन वर्षको आन्तरिक आयको अवस्थाको विश्लेषण र प्रक्षेपण गर्ने ।
- राजस्व प्रशासनको संस्थागत व्यवस्था, बिलिङ्ग तथा आन्तरिक नियन्त्रण प्रणालीको विश्लेषण गरी सुझाव पेश गर्ने ।
- नगरपालिकाको आन्तरिक आय वृद्धिका सम्भावनाहरू पहिचान गरी आय प्रक्षेपण एवम् आय सुधार रणनीति सहितको राजस्व सुधार कार्य योजना तयार गर्ने ।

- राजस्व प्रशासन तथा सूचना प्रवाहसम्बन्धि विवरण
- आन्तरिक आय संकलनको स्रोत, क्षेत्र तथा दर सम्बन्धि विस्तृत विवरण
- आन्तरिक आय संकलनको संभावित नयाँ क्षेत्रहरू सम्बन्धि सूचना
- नगरपालिकाको आवधिक योजना (२०७८/७९–२०८३/८४)
- वडा कार्यलयहरूको अवलोकन
- रोल्पा उद्योग वाणिज्य संघको कार्यलयको अवलोकन तथा दस्तावेजको अध्ययन

### १.४.५ मस्यौदा कार्ययोजना र अन्तिम प्रतिवेदन पेश

राजस्व सुधार कार्ययोजनाको मस्यौदा आवश्यक सुझाव तथा सल्लाहका लागि रोल्पा नगरपालिका समक्ष पेश गरिएको थियो । उल्लेखित मस्यौदा प्रतिवेदन माथि मिति २०८० जेष्ठ ३ गते विभिन्न सरोकारवाला पक्षहरू संग छलफल गरी त्यसबाट प्राप्त सल्लाह तथा सुझावहरू समावेश गरी राजस्व सुधार कार्ययोजनाको प्रतिवेदनलाई अन्तिम रूप दिई रोल्पा नगरपालिका समक्ष पेश गरिएको छ ।

## १.५. अध्ययनको सीमा

यस नगरपालिकाको राजस्व सुधार कार्ययोजना बनाउने कार्य तथा अध्ययन प्रतिवेदनका आफ्नै सीमाहरू रहेका छन्, जुन यसप्रकार रहेका छन् ।

- तथ्यांक संकलनको लागि विस्तृत स्थलगत सर्भेक्षण कार्य गर्न समय र स्रोतको सिमितता रहेकोले संभव भएन । स्थलगत सर्भेक्षण कार्य नगरिएको हुनाले विशेष गरी नयाँ प्रकृतिका व्यवसायिक क्षेत्रको आन्तरिक आयमा पर्ने प्रभावबारे सिमित अध्ययन गरिएको छ ।
- नगरपालिकाको जनसंख्या तथा आर्थिक गतिविधिमा हुने वृद्धि, नगरपालिकाको सेवामा हुने वृद्धि र नागरिक सन्तुष्टिमा हुने वृद्धि, मूल्यांकन दरमा हुने वृद्धि तथा राजस्वका दरको पुनरावलोकन आदि क्रियाकलापहरूले भविष्यको राजस्व संकलनमा असर गर्ने भएता पनि यी तथ्यांकहरू उपलब्ध नभएकाले कतिपय शीर्षकमा आय प्रक्षेपणमा एकिन आधार लिन कठिनाई ।
- ऐन तथा कार्यविधि अनुसार नगरपालिकाका आन्तरिक स्रोतका क्षेत्राधिकारका कतिपय उपशीर्षकहरूमा नगरपालिकाले राजस्व संकेत अनुसार अभिलेखीकरण नभएको हुँदा विगतको आन्तरिक आयका क्षेत्रहरूको वास्तविक आम्दानीको आकार तथा अवस्था विश्लेषण गर्न कठिनाई देखिनु ।



Aragon Mechydel & Multi Service Pvt. Ltd.

# परिच्छेद दुई - नगरपालिकाको संक्षिप्त परिचय

## २.१ नगरपालिकाको भौगोलिक अवस्थिती

भौगोलिक अवस्थितिको दृष्टिकोणले रोल्पा नगरपालिका लुम्बिनी प्रदेश अन्तर्गतको ८२ डिग्री ३० सेकेण्ड देखि ८२ डिग्री ४५ सेकेण्ड पूर्वी देशान्तर तथा २८ डिग्री १५ सेकेण्ड देखि २८ डिग्री २५ सेकेण्ड उत्तरी अक्षांशमा अवस्थित छ। पूर्वमा सुनिल स्मृति गाउँपालिका, उत्तरमा थवाङ र सुनछहरी गाउँपालिका, पश्चिममा माडी गाउँपालिका, दक्षिणमा रुन्टीगढी गाउँपालिका र त्रिवेणी गाउँपालिका रहेको यो नगरपालिका रोल्पा जिल्लाको सदरमुकाम पनि हो। रोल्पा तथा सल्यान जिल्लाको सिमामा पर्ने रोल्पाथुमको नामबाट नामाकरण भएको यो नगरपालिकाको कुल क्षेत्रफल २७०.३ वर्ग कि.मि. रहेको छ। हाल यो यस नगरपालिकामा १० वटा वडाहरू रहेका छन् । जलजला क्षेत्र, माडिचौर, सातदोबाटो र दारबोट जस्ता मनोरम ठाउँहरू नगरपालिकाका प्राकृतिक आकर्षणका क्षेत्रहरू हुन भने मगर, गुरुङ, नेवार लगायतका जातजातिको रीति, भाषा, धर्म र संस्कृति यहाँका सांस्कृतिक आकर्षणका क्षेत्रहरू हुन ।




*चित्र १: रोल्पा नगरपालिकाको प्रसाशनिक नक्सा*

## २.२ नगरपालिकाको जनसंख्या

राष्ट्रिय जनगणना २०७८ अनुसार रोल्पा नगरपालिकामा कुल ८७४५ घरधुरी र जनसंख्या ३५३७६ रहेको छ। जसमध्ये पुरुपको संख्या ४५.७ प्रतिशत छ भने महिलाको संख्या ५४.३ प्रतिशत रहेको छ। त्यसैगरी कुल साक्षरता दर ७९ प्रतिशत रहेको यस नगरपालिकामा पुरुषको साक्षरता ८६.७ प्रतिशत छ भने महिलाको ७२.७ प्रतिशत रहेको छ ।

रोल्पा नगरपालिकाको आवधिक नगर विकास योजना (२०७८/७९–२०८३/०८४) अनुसार कुल जनसंख्या ३४,९९९ रहेको पुरुष १७,४८९ र महिला १७,५०१ छन्। त्यसैगरी कुल ६,८०१ घरधुरी मध्ये पुरुष घरमुली भएका घरधुरी ५४९१ र महिला घरमुली भएका घरधुरी १३०४ (१९ प्रतिशत) छन्। वडागत जनसंख्या हेर्दा सबैभन्दा बढी जनसंख्या वडा नं १० मा ६,०६६ र सबैभन्दा कम वडा नं ८ मा २,५८८ रहेको छ । घरधुरी अनुसार, सबैभन्दा बढी घरधरी वडा नं १० मा १,०७६ र सबैभन्दा कम वडा नं ५ मा ४८४ रहेको छ । नगरपालिकाको औषत परिवार संख्या ५.१५ रहेको छ।

तालिका १: नगरपालिकाको घरधुरी तथा जनसंख्या विवरण

| वडा नं | घरधुरी | जम्मा जनसंख्या | पुरुष | महिला | अन्य | औषत परिवार सख्या |
|---|---|---|---|---|---|---|
| १ | ७३९ | ३२३६ | १६२१ | १६१५ | ० | ४.३८ |
| २ | ७९१ | ३७५४ | १८२१ | १९३२ | १ | ४.७५ |
| ३ | ५५३ | २९२६ | १४७२ | १४५४ | ० | ५.२९ |
| ४ | ५०९ | २६९९ | १३३६ | १३६१ | २ | ५.३ |
| ५ | ४८४ | २६१६ | १३१२ | १३०३ | १ | ५.४ |
| ६ | ७९७ | ४१२५ | २१२१ | २००४ | ० | ५.१८ |
| ७ | ५३२ | २६५१ | १३०७ | १३४४ | ० | ४.९७ |
| ८ | ४९६ | २५८८ | १२७१ | १३०८ | १ | ५.२२ |
| ९ | ८२४ | ४३३८ | २१३२ | २२०४ | २ | ५.२६ |
| १० | १०७६ | ६०६६ | ३०८८ | २९७६ | २ | ५.६४ |
| जम्मा | ६८०१ | ३४९९९ | १७४८९ | १७५०१ | ९ | ५.१५ |

*स्रोतः आवधिक योजना रोल्पा नगरपालिका*

## २.३ जातजाति र धर्म

रोल्पा नगरपालिकामा हिन्दु, बौद्ध, प्रकृति, इस्लाम, आदि धर्म मान्ने मानिसहरूको बसोबास रहेको पाइन्छ, जसमा हिन्दु धर्म मान्ने ३१,६९६ (९० प्रतिशत),बौद्ध धर्म ३,००२ (८.५ प्रतिशत), र अन्य धर्महरू मान्नेको संख्या नगन्य छ । नगरपालिका क्षेत्रमा हिन्दु धर्मालम्वीको बाहुल्यता भएको कारण यहाँ दशैं, तिहार, माघी, तीज मेला, पुर्णिमा मेला, देवालीजस्ता चाड पर्व संस्कृतिहरू मनाइन्छ साथै क्रिसमस तथा इद पनि मनाइने गरिन्छ। जातीय हिसाबले आदिवासी जनजाति समुदायको बाहुल्यता रहेको यो नगरपालिकामा मगर समुदाय कुल जनसंख्याको ३८ प्रतिशत छन् भने अन्य जनजातिमा गुरुङ, नेवार, राई आदिको वसोवास छ। त्यसैगरी क्षेत्री २९ प्रतिशत छन् भने दलित समुदाय पनि १६ प्रतिशतको हारहारीमा रहेका छन् । नगरपालिकामा बसोबास गर्ने अन्य अल्पसंख्यक समुदायहरूमा बादी, छन्त्याल, गाइने, घले, आदि पर्दछन् (स्रोतः आवधिक योजना)।

## २.४ आर्थिक स्थिति

नगरपालिकाका आर्थिक रूपमा सक्रिय जनसंख्या कृषि, नोकरी, ज्यालादारी, दक्ष रोजगारी, वैदेशिक रोजगारी,व्यापार, उद्योग, घरधन्दा आदि पेशामा आवद्ध छन् । जसमा कृषिमा ५,७०५ (८०.१%), नोकरीमा १,२८६(६%), ज्यालादारीमा १,५२५ (७%), दक्ष रोजगारीमा २९२ (१%), व्यापार तथा उद्योगमा ५५३ (३%) रहेका छन् ।आर्थिक रूपमा सक्रिय जनसंख्याको ठुलो हिस्सा कृषि क्षेत्रमा संलग्न छ भने करिव ९ प्रतिशत वैदेशिक रोजगारमा गएका छन् । नगरपालिकामा करिब ३ प्रतिशत बेरोजगार छन् भने २० प्रतिशतले घरधन्दामै दैनिकी गुजारीरहेको अवस्था छ । त्यसैगरी करिव १८ प्रतिशत जनसंख्या कुनै निश्चित पेशा नभएका छन् ।

परम्परागत कृषि रोल्पा नगरपालिकाको बासिन्दाको प्रमुख पेशाको रूपमा रहेको छ । वडा नं. ४ मा बाहेक अरु वडामा अधिकांश घरधुरी कृषिमा आवद्ध छन् । मकै, गहुँ, जौ, कोदो, फापर आदि यहाँका मुख्य खाद्यान्नवाली हुन भने बन्दा, काउली, बोडी, सिमी, टमाटर, साग, आलु, मुला, लसुन, प्याज जस्ता तरकारी वालीको र सुन्तला, कागती, मौसम, केरा, अम्बा, ओखर, नासपाती, आँप, च्युरी जस्ता फलफुलको पनि व्यावसायिक उत्पादन हुने गरेको छ। नगरपालिकामा उत्पादित खाद्य वस्तु, तरकारी तथा फलफुल नगन्य मात्रामा दाङ, बुटवल, काठमाण्डौ, नेपालगञ्ज जस्ता ठुला शहर र स्थानीय बजारमा निर्यात हुने गरेको छ ।

## २.५ शैक्षिक स्थिति

कुल ७७ वटा शैक्षिक संस्था भएको रोल्पा नगरपालिकामा सामुदायिक विद्यालय ७० वटा, क्याम्पस २ वटा, बहुप्राविधिक शिक्षालय एक र निजी विद्यालय ७ वटा रहेका छन् । नगरपालिकामा वडा नं. ८ बाहेक सबै वडामा माध्यमिक विद्यालय रहेका छन् भने सबै वडामा गरी कुल ६१ वटा आधारभूत विद्यालय छन् । कुल ७७ शैक्षिक संस्था मध्ये पक्की संरचना भएका शैक्षिक संस्था १९ वटा (२४ %) मात्र छन् भने पक्की शौचालय भएका २३ (२९.८%) वटा, महिला मैत्री शौचालय भएका २४ (३०%), अपाङ्गमैत्री ३ वटा र अन्य शौचालयहरू बालमैत्री बन्दै छन् । विद्यालयका वितरण सबै वडामा समान प्रकृतिको भए पनि भौतिक संरचना अझै पनि पुर्ण रूपमा विद्यार्थी मैत्री तथा समावेशी भैसकेको अवस्था छैन ।पहुँचका हिसावले ९६ प्रतिशतको हाराहारीमा रहेपनि गुणस्तर भने कमजोर नै देखिन्छ ।

## २.६ नगरपालिकाको मानवीय संसाधन

स्थानीय सरकारको कार्यसम्पादनको प्रभावकारीता मापन गर्ने महत्वपुर्ण आधार मानव स्रोत हो । मानव संशाधन अन्तरर्गत संस्थामा संलग्न आवश्यक जनशक्तिहरूको उपलब्धता ज्ञान, सीप, दक्षता र क्षमता पर्दछ। जनशक्तिको दक्षताले नै संस्थाबाट प्रवाह गरिने सेवा तथा शासकीय प्रबन्धको उपयुक्त व्यवस्थापन हुनसक्छ। यस सन्दर्भमा स्थानीय तह लाई प्राप्त अधिकार तथा जिम्मेवारीको कार्यसम्पादनको सुनिश्चितताको लागि मानवीय स्रोतको आवश्यकता पदर्छ । नगरपालिकाको विद्यमान प्रशासनिक तथा संगठनिक संरचना निर्माणका लागि सर्भेक्षण गर्ने कार्य हुन बाँकी नै रहेको छ। रोल्पा नगरपालिकामा हाल कार्यरत कर्मचारको विवरण तालिकामा उल्लेख गरिएको छ ।

*तालिका २: नगरपालिकामा हाल कार्यरत कर्मचारी विवरण*

| क्र. सं. | स्वीकृत पद | सेवा समूह | तह | संख्या | पदपूर्ति | | | | रिक्त पद |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | संघबाट समायोजन भइ आएका | साविक स्थानीय निकायमा | आन्तरिक पदपूर्ति | जम्मा पदपूर्ति | |
| १ | प्रमुख प्रशासकीय अधिकृत | | | १ | | | | | |
| २ | उप सचिव | शिक्षा प्रशासन | नवौं | १ | १ | | | १ | ० |
| ३ | सि.डि.ई | इन्जिनियरिङ | नवौं | १ | | | | | १ |
| ४ | अधिकृत | सा.प्र. | सातौं | १ | | | | | १ |
| ५ | लेखा अधिकृत | प्रशासन/लेखा | सातौं | १ | | | | | १ |
| ६ | अधिकृत छैठौं | शिक्षा प्रशासन | छैठौं | १ | १ | | | १ | ० |

| क्र. सं. | स्वीकृत पद | सेवा समूह | तह | संख्या | पदपूर्ति | | | | रिक्त पद |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | संघबाट समायोजन भइ आएका | साविक स्थानीय निकायमा | आन्तरिक पदपूर्ति | जम्मा पदपूर्ति | |
| ७ | जन स्वास्थ्य अधिकृत | स्वास्थ्य | सातौं | १ | | | | १ | १ |
| ८ | इन्जिनियर | सिभिल | छैठौं | १ | | १ | | ० | १ |
| ९ | अधिकृत | सा.प्र. | छैठौं | २ | | २ | | २ | ० |
| १० | आन्तरिक लेखा परीक्षक | प्रशासन/लेखा | पाँचौं | १ | | १ | | १ | ० |
| ११ | अधिकृत छैठौं | प.हे.न. | छैठौं | १ | १ | | | १ | ० |
| १२ | अधिकृत छैठौं | हे.इ. | छैठौं | १ | १ | | | १ | ० |
| १३ | सहायक | सा.प्र. | पाँचौं | ५ | | १ | | १ | ४ |
| १४ | लेखापाल | प्रशासन | पाँचौं | १ | | १ | | १ | ० |
| १५ | स क अ | विविध | पाँचौं | १ | | १ | | १ | ० |
| १६ | प्रा.स. | शिक्षा प्रशासन | छ | १ | | | | ० | १ |
| १७ | सब इन्जिनियर | इन्जिनियरिङ | पाँचौं | २ | | २ | | २ | ० |
| १८ | म वि नि | विविध | छ | १ | | १ | | १ | ० |
| १९ | अमिन | इन्जिनियरिङ | पाँचौं | १ | | १ | | १ | ० |
| २० | खरिदार | प्रशासन | चौथौ | २ | | २ | | २ | ० |
| २१ | सह लेखापाल | प्रशासन/लेखा | चौथौ | १ | | १ | | १ | ० |
| २२ | स.म.वि.नि. | विविध | चौथौ | १ | १ | | | १ | ० |
| २३ | | विविध | चौथौ | १ | | १ | | १ | ० |
| २४ | ह.स.चा. | | चौथौ | १ | १ | | | १ | ० |
| २५ | का.स. | प्रशासन | पाँचौं | ३ | ३ | | | ३ | ० |
| २६ | **कृषि सेवा तर्फ** | | | | | | | | |
| २७ | अधिकृत छैठौं | कृषि प्रसार | छैठौं | १ | १ | | | १ | ० |
| २८ | सहायक पाँचौं | कृषि प्रसार | पाँचौं | २ | | | | २ | २ |
| २९ | ना.प्रा.स. | कृषि प्रसार | चौथौ | १ | १ | | | ० | १ |
| ३० | **पशु सेवा तर्फ** | | | | | | | | |
| ३१ | अधिकृत | भेटेरिनरी | ८र९ | १ | | | | १ | १ |
| ३२ | प.स्वा.प्रा. | भेटेरिनरी | पाँचौं | १ | १ | | | १ | ० |
| ३३ | सहायक पाँचौं | लापोडेडे | पाँचौं | १ | | | | १ | १ |

| क. सं. | स्वीकृत पद | सेवा समूह | तह | संख्या | पदपूर्ति | | | | रिक्त पद |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | संघबाट समायोजन भइ आएका | साविक स्थानीय निकायमा | आन्तरिक पदपूर्ति | जम्मा पदपूर्ति | |
| ३४ | ना.प.स्वा.प्रा | भेटेरिनरी | चौथो | १ | १ | | | १ | ० |
| ३५ | सहायक चौथो | लापोडेडे | चौथो | १ | | | | १ | १ |
| ३६ | **वडा तर्फ** | | | | | | | | |
| ३७ | सहायक | सा.प्र. | सहायक पाँचौ | ४ | | २ | | ४ | २ |
| ३८ | सब इन्जिनियर | इन्जिनियरिङ | पाँचौ | ४ | | | | ४ | ४ |
| ३९ | खरिदार | प्रशासन | चौथो | ६ | | | | ६ | ० |
| ४० | अ.स. ई. | इन्जिनियरिङ | चौथो | ६ | | ४ | | ६ | २ |

नगरपालिकाको संगठनिक संरचनाको अवस्थाको अध्ययन गर्दा हाल लाई नगरपालिकामा नौवटा शाखा तथा एउटा ईकाइको कार्यविभाजन रहेको छ । नगरपालिका गठन हुँदाका बेला मन्त्रालयले सिफारिस गरेको संरचना अनुसार नै नगरपालिकाको प्रसाशनिक संरचना रहेको देखिन्छ। वर्तमान समयमा समायोजन भई आएका कर्मचारी, साविकका स्थानीय सेवाका कर्मचारी र हालको नगरपालिकाको कार्यसम्पादनको जिम्मेवारी, सेवग्राहीको चाप आदिलाई मध्यनजर गर्दै नगरपालिकाले संगठन तथा व्यवस्थापन अध्ययन गरेर कार्यबोझ, आवश्यकता, जिम्मेवारी अनुसार के कति जनशक्ति आवश्यकता हो सोहि अनुसार कर्मचारीको दरवन्दी परिपुर्ति गर्नुपर्ने आवश्यकता देखिन्छ ।

## २.७ नगरपालिकाको भौतिक सम्पत्तिको अवस्था

स्थानीय सरकारको भूमिका तथा जिम्मेवारी पूरा गर्नका लागि नगरपालिकाको प्रत्यक्ष पहुँच भित्र रहेको भौतिक सम्पत्ति र त्यसको व्यवस्थापन तथा स्रोत र साधनको समग्र अवस्थालाई बुझाउँदछ। नगरपालिकाले प्राप्त अधिकार तथा जिम्मेवारी पुरा गर्नको लागि उपलब्ध जनशक्तिको परिचालन तथा व्यवस्थापन गर्न कार्यस्थल, आवश्यक भौतिक सामग्री, उपकरण, जिन्सी समग्रीहरूको उपयुक्त उपलब्धता आवश्यक पर्दछ । राज्यको पुनः संरचनाको करिब पाँच बर्षको अवधिमा स्थानीय सरकारका संरचना पनि निर्माण हुने क्रममा रहेका छन्। यस नगरपालिकाको उपलब्ध भौतिक सम्पत्तिको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

*तालिका ३: नगरपालिकाको सम्पती विवरण*

| क.सं. | विवरण | एकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | ट्रयाक्टर | संख्या | १ | |
| २ | मोटरसाईकल | संख्या | २३ | |
| ३ | स्कुटर | संख्या | ३ | |
| ४ | डिजिटल क्यामरा | संख्या | ७ | |
| ५ | क्यामारा लेन्स | संख्या | ३ | |
| ६ | सीसी क्यामरा | पीस | २३ | |

| क्र.सं. | विवरण | एकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|
| ७ | डिसहोस सेट | संख्या | २ | |
| ८ | LED Display | संख्या | १ | |
| ९ | डेक्सटप कम्प्युटर | पीस | २५ | |
| १० | ल्यापटप | पीस | १५ | |
| ११ | फोटोकपी मेसिन | पीस | ९ | |
| १२ | प्रिन्टर | पीस | ३३ | |
| १३ | Scanner | पीस | २ | |
| १४ | डिजिटल डिस्प्ले बोर्ब | पीस | १ | |
| १५ | जेनेरेटर | पीस | ४ | |
| १६ | ब्याट्रि | पीस | ३२ | |
| १७ | इन्भटर | संख्या | ५ | |
| १८ | साउण्ड सिस्टम | संख्या | ४ | |
| १९ | ब्याकहो लोड | संख्या | १ | |
| २० | पावर टिलर | संख्या | १ | |
| २१ | दमकल | संख्या | १ | |
| २२ | जीप | संख्या | २ | |
| २३ | जिपीएस मेसिन | संख्या | २ | |

# परिच्छेद तीन - स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भावना

## ३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धि संवैधानिक तथा कानुनी व्यवस्था

यस परिच्छेदमा नगरपालिकाको राजस्व अधिकार सम्बन्धि संवैधानिक तथा कानुनी व्यवस्था, उपलब्ध कानुनी व्यवस्था अनुसार नगरपालिकाको आन्तरिक आय परिचालनको सम्भाव्यतालाई शीर्षकगत रूपमा विश्लेषण गरिएको छ । यसबाट नगरपालिकाको आन्तरिक आय परिचालनको विद्यमान अवस्था तथा सम्भावनाको विस्तृत विश्लेषण भई पहिचान गरिएको मुद्दाहरूलाई राजस्व सुधार कार्ययोजनाले सम्बोधन गर्ने विश्वास लिइएको छ । त्यसैगरी नगरपालिकाले राजस्व परिचालनमा गरेका प्रयासहरू तथा आय सङ्कलनको अवस्थालाई छोटकरीमा व्याख्या गरिएको छ । यसले नगरपालिकाको आय सङ्कलनको लागि संस्थागत क्षमतामा सुधार गर्न गर्नुपर्ने कार्यहरू पहिचान गर्न सहयोग पुग्ने छ ।

### अ. राजस्व अधिकारको बाँडफाँट

संविधान तथा कानुनमा राजस्व अधिकारको बाँडफाँडः नेपालको संविधानले संघ सरकारले उठाउन पाउने एकल करका अधिकार तथा प्रदेश र स्थनीय तहको एकल तथा साझा कर अधिकारहरूको बाँडफाँट गरेको छ। संविधानको यस प्रावधान अनुसार स्थानीय सरकार संन्चालन ऐन, २०७४ र अन्तर सरकारी वित्त व्यवस्था ऐन, २०७४ ले राजस्व श्रोतका अधिकारहरू देहाय अनुसार बाँडफाँट गरेको छ ।

*तालिका ४: संघ, प्रदेश र स्थानीय तहको एकल तथा साझा अधिकारहरू*

| संघ, प्रदेश र स्थनीय तहको एकल राजस्व अधिकार | | | प्रदेश तथा स्थानीय तह दुवैको अधिकारमा रहेका राजस्व श्रोतहरू |
|---|---|---|---|
| संघ | प्रदेश | स्थानीय | |
| • भन्सार महसुल<br>• मूल्य अभिवृद्धि कर<br>• व्यक्तिगत आय कर<br>• संस्थागत आय कर<br>• पारिश्रमिक कर<br>• राहदानी कर<br>• भिसा शुल्क | कृषी आयमा कर | • सम्पत्ति कर<br>• घर जग्गा बहाल कर<br>• घर जग्गा रजिष्ट्रेशन शुल्क<br>• सवारी साधन कर<br>• सेवा शुल्क, दस्तुर<br>• पर्यटन शुल्क<br>• विज्ञापन कर<br>• व्यवसाय कर<br>• भूमिकर (मालपोत)<br>• दण्ड जरिवाना | • घर जग्गा रजिष्टेशन शुल्क<br>• सवारी साधन कर<br>• मनोरञ्जन कर<br>• विज्ञापन कर<br>• नदीजन्य तथा खानीजन्य निर्माण पदार्थ |

### आ. साझा अधिकार र करको प्रशासनः

अन्तर सरकारी वित्तीय ऐन, २०७४ ले प्रदेश र स्थानीय तहको साझा अधिकारको कर प्रशासनका लागि देहायको व्यवस्था गरेको छ । यस ऐनले दुई तहको अधिकारको क्षेत्रमा परेको कर उठाउने तहले ६० प्रतिशत राखी ४० प्रतिशत बाँडफाँट गर्नुपर्ने व्यवस्था गरेको छ । प्रदेश तहले उठाउने सवारी साधन करको हकमा राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले निर्धारण गरेको आधार र ढाँचा अनुसार हुने गरेको छ ।

राजस्व श्रोतको नीति तथा कार्यान्वयन गर्ने निकायहरू

| राजस्व श्रोत | नीति बनाउने र दर तोक्ने | राजस्व उठाउने |
|---|---|---|
| सवारी साधन कर | प्रदेश सरकार | प्रदेश सरकार |
| मनोरन्जन कर | प्रदेश सरकार | स्थानीय सरकार |
| घर जग्गा रजिष्ट्रेशन शुल्क | प्रदेश सरकार | स्थानीय सरकार |
| विज्ञापन कर | स्थानीय सरकार | स्थानीय सरकार |

## ३.२ स्थानीय सरकारको राजस्व अधिकार

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन तथा अन्तरसरकारी वित्त व्यवस्थापन ऐनमा स्थानीय सरकारको राजस्व अधिकार संम्बन्धी गरिएको प्रावधानहरू यस शीर्षक अन्तर्गत प्रस्तुत गरिएको छ ।

### ३.२.१ राजस्व अधिकार सम्बन्धि संवैधानिक व्यवस्था

नेपालको संविधानको अनुसूची-८ (स्थानीय तहको अधिकार सूची) को प्रावधान अनुसार स्थानीय सरकारलाई निम्नानुसार राजस्व अधिकार प्रदान गरेको छ :

- सम्पत्ति कर
- घर जग्गा बहाल कर
- घर जग्गा रजिष्ट्रेशन शुल्क
- सवारी साधन कर
- सेवा शुल्क, दस्तुर
- पर्यटन शुल्क
- विज्ञापन कर
- व्यवसाय कर
- भूमिकर (मालपोत)
- दण्ड जरिवाना
- मनोरञ्जन कर

त्यसैगरी नेपालको संविधानमा स्थानीय सरकारको राजस्व अधिकार सम्बन्धि निम्न धारामा थप प्रावधान देहाय अनुसार रहेको छः

**धारा २२८ः कर लगाउन वा ऋण लिन नपाइने**

नेपालको संविधानको भाग १९ मा स्थानीय आर्थिक कार्यप्रणालीको व्याख्या गरेको छ जस अनुसार धारा २२८ ले निम्न अनुसारको व्यवस्था गरेको छ :

(१) कानुन बमोजिम बाहेक कुनै कर लगाउन, उठाउन र ऋण लगाउन पाइने छैन ।
(२) आफ्नो अधिकार क्षेत्र भित्रको विषयमा राष्ट्रिय नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकूल नहुने गरी कानुन वनाई कर लगाउन सक्नेछ ।

त्यसरी नै संविधानको धारा २२९ ले स्थानीय संन्चित कोषको व्यवस्था गरेको छ जस अनुसार स्थानीय तह अन्तर्गत प्रत्येक गाउँपालिका र नगरपालिकमा एक स्थानीय सञ्चित कोष रहनेछ । त्यस्तो कोषमा गाउँपालिका वा नगरपालिकालाई प्राप्त हुने सबै प्रकारको राजस्व, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त

हुने अनुदान तथा गाउँपालिका वा नगरपालिकाले लिएको ऋण रकम र अन्य स्रोतबाट प्राप्त हुने रकम जम्मा हुनेछ । साथै स्थानीय सञ्चित कोषबाट गर्न सकिने खर्च सम्बन्धित व्यवस्था स्थानीय कानुन बमोजिम हुनेछ भनेर व्याख्या गरेको छ ।

**धारा २३६: अन्तर प्रदेश व्यापार**

संविधानमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एक प्रदेश वा स्थानीय तहबाट अर्को प्रदेश वा स्थानीय तहको क्षेत्रमा हुने वस्तुको ढुवानी वा सेवाको विस्तारमा कुनै किसिमको बाधा अवरोध गर्न वा कुनै कर, शुल्क, दस्तुर वा महशुल लगाउन वा त्यस्तो सेवा वा वस्तुको ढुवानी वा विस्तारमा कुनै किसिमको भेदभाव गर्न पाइने छैन ।

**३.२.२ राजस्व अधिकार सम्बन्धि संघीय ऐनका व्यवस्था**

स्थानीय सरकार संचालन ऐन, २०७४ (केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ को संशोधन समेत समावेश) अनुसार स्थानीय सरकारलाई निम्नानुसार आय सङ्कलन गर्ने अधिकार प्रदान गरेको छ:

**(क) गाउँपालिका वा नगरपालिकाको एकल अधिकार:**

अ) कर

- **सम्पत्ति कर:** आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा भूमिकर (मालपोत) लगाउनु पर्ने । "घरले चर्चेको जग्गा" भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गासम्म पर्ने।
- **भूमि कर (मालपोत):** आफ्नो क्षेत्रभित्रको जग्गामा त्यस्तो जग्गाको उपयोगका आधारमा लगाउने, तर सम्पत्ति कर लगाएको अवस्थामा भूमिकर (मालपोत) लगाउन नपाइने ।
- **घर जग्गा बहाल कर:** कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा ।
- **व्यवसाय कर:** पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा ।
- **सवारी कर:** टाँगा, रिक्सा, अटोरिक्सा, विद्युतीय रिक्सामा ।
- **जडीबुटी, कवाडी र जीवजन्तु कर:** आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, वनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको व्यावसायिक उपयोग गरे बापत ।
- **मनोरञ्जन कर:**

आ) शुल्क

- **बहाल बिटौरी शुल्क:** आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत ।
- **पार्किङ शुल्क:** आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत ।

इ) सेवा शुल्क

- आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ्ग, कायकिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, प्याराग्लाइडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुदसम्बन्धि सेवा वा व्यवसायमा ।
- आफूले निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको सेवामा (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला

व्यवस्थापन, सरसफाई, ढल निकास, सडक बत्ती, शौचालय, पार्क, पौडी पोखरी, व्यायामशाला, पर्यटकीय स्थल, हाटबजार, पशु बधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदि)

- अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सेवा शुल्क ।
- सिफारिश सम्बन्धि कुनै सेवा शुल्क ।

**ई) दस्तुर**

- दर्ता, अनुमति तथा नवीकरण दस्तुर
  - एफएम रेडियो संचालन, "घ" वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग ।
  - ढुङ्गा, गिट्टी, वालुवा, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग ।
- नक्सा पास दस्तुर ।
- पञ्जीकरण व्यवस्थापन दस्तुर ।
- वडामार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर ।

**उ) बिक्री गर्न सक्ने**

- गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको बिक्री गर्न सक्ने ।
- गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री गर्न सक्ने ।
- यस्तो बिक्रीबाट प्राप्त रकम गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

**ऊ) सामुदायिक वनबाट आय प्राप्त गर्ने**

- सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धि आफ्नो वार्षिक कार्ययोजना बनाई नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने ।
- वन पैदावारको बिक्री बापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

**(ख) प्रदेश तथा संघीय कानुन अनुसार प्राप्त हुने (स्थानीय सरकार संचालन ऐन, २०७४ दफा ११ (४ घ))**

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी ।
- खनिज पदार्थको उत्खनन रोयल्टी ।
- सामुदायिक वनको संचालन व्यवस्थापनबाट प्राप्त रोयल्टी ।
- पानी घट्ट, कूलो पैनी जस्ता सेवाबाट रोयल्टी ।
- खानेपानी महसुल ।
- स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क ।

- स्थानीय स्तरमा जडिबुटी तथा गैरकाष्ठ वन पैदावार उत्पादन, सङ्कलन, प्रसोधन र बजार व्यवस्थापन।
- जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, संचालन अनुमति ।
- स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नवीकरण ।
- इन्टरनेट सेवा, टेलीसेन्टर, केवल, तारविहिन टेलिभिजन प्रसारण अनुमति, नवीकरण ।
- स्थानीय सरकारका पत्रपत्रिकाको दर्ता ।

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ (केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ को संशोधन समेत समावेश) अनुसार स्थानीय सरकारलाई निम्नानुसार राजस्व सम्वन्धि वित्तीय अधिकार प्रदान गरेको छः

**(क) एकल कर प्रशासन सम्बन्धि व्यवस्था (आर्थिक ऐन २०७५ वाट संशोधित व्यवस्था)**

१. सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने । तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतिय रिक्सामा सवारी साधन करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने ।

२. घरजग्गा रजिश्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र गाउँपालिका वा नगरपालिकाले उठाउने

३. मनोरंजन करको दर प्रदेशले लगाउने र गाउँपालिका वा नगरपालिकाले उठाउने ।

४. विज्ञापन करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने ।

(२), (३) र (४) बमोजिमको करवाट उठेको रकममध्ये ६० प्रतिशत रकम गाउँपालिका वा नगरपालिकाको संचित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रूपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्ने ।

५. प्रदेशले सवारी साधन करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्नु पर्ने ।
   - प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम ४० प्रतिशत रकम प्रदेश सरकारलाई र ६० प्रतिशत स्थानीय सरकारलाई बाँडफाँट गरिने ।
   - आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय सरकारलाई बाँडफाँट गर्ने
   - प्रदेशले मासिक रूपमा सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नु पर्ने ।

**(ख) राजस्व बाँडफाँट**

वित्तीय संघीयताको अर्को महत्वपूर्ण पक्ष भनेको एक तहको सरकारले उठाएको राजस्व अन्य तहहरूमा समेत बाँडफाँट गर्नु हो । माथिल्लो तहका सरकारबाट तल्लो तहमा बाँडफाँट हुने (Vertical Revenue Sharing) प्रणाली हाम्रो देशले अपनाएको छ । अन्तर ( सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले व्यवस्था गरे अनुसार, मूल्य अभिवृद्धि कर र अन्तशुल्को बाँडफाँट ) निम्न तालिकमा प्रस्तुत गरिएको छ।

**मूल्य अभिवृद्धि कर र अन्तशुल्को बाँडफाँट**

| श्रोतहरू | संघ प्रतिशत | प्रदेश प्रतिशत | स्थानीय तह प्रतिशत |
|---|---|---|---|
| मूल्य अभिवृद्धि कर ( भ्याट) | ७० | १५ | १५ |
| अन्तशुल्क | ७० | १५ | १५ |

प्राकृतिक श्रोतको रोयल्टीको बाँडफाँट निम्न तालिकामा देखाए बमोजिम गरिएको छ ।

**प्राकृतिक श्रोतको रोयल्टी बाँडफाँट**

| श्रोतहरू | संघ प्रतिशत | प्रदेश प्रतिशत | स्थानीय तह प्रतिशत |
|---|---|---|---|
| पर्वतारोहण | ५० | २५ | २५ |
| विद्युत | ५० | २५ | २५ |
| वन | ५० | २५ | २५ |
| खानी तथा खनिज | ५० | २५ | २५ |
| पानी तथा अन्य श्रोत | ५० | २५ | २५ |

१. नेपाल सरकारले सङ्कलन गरको मूल्य अभिवृद्धि कर र अन्तशुल्कबाट सङ्कलन भएको रकमको १५ प्रतिशत स्थानीय विभाज्य कोषमा जम्मा हुने ।
   - आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम बाँडफाँट हुने ।
   - स्थानीय सञ्चित कोषमा मासिक रूपमा प्राप्त हुने ।

२. प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँट आयोगको सिफारिसमा प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय सरकारलाई २५ प्रतिशत

- प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी वार्षिक रूपमा प्राप्त हुने ।

**(ग) अनुदान (वित्तीय हस्तान्तरण)**

नेपालको संविधानको धारा ६० को उपधारा (३) मा प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस बमोजिम हुने व्यवस्था गरेको छ । नेपालमा राजस्व बाँडफाँटको अतिरिक्त मूलतः चार प्रकारका अनुदान माध्यमबाट अन्तर-सरकारी वित्तीय हस्तान्तरण गरिने व्यवस्था संबिधान र कानुनमा गरिएको छ ।




१. **वित्तीय समानीकरण अनुदानः** खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिशमा संघ र प्रदेशबाट प्राप्त ।

२. **सशर्त अनुदानः** कुनै योजना कार्यान्वयन गर्न आयोगले तोकेको आधारमा संघ र प्रदेशबाट प्राप्त हुने।

३. **समपूरक अनुदानः** पूर्वाधार विकास सम्बन्धि कुनै योजना कार्यान्वयन गर्न योजनाको कूल लागतको अनुपातका आधारमा संघ र प्रदेशबाट प्राप्त हुने ।

४. **विशेष अनुदानः** कुनै खास उद्देश्य र योजनाको लागि संघ र प्रदेशबाट ।

### (घ) वैदेशिक सहायता तथा आन्तरिक ऋण

उपर्युक्त व्यवस्थाहरूले स्थानीय सरकारलाई प्राप्त हुन सक्ने आयका स्रोतहरूलाई व्याख्या गरेको छ । स्थानीय सरकारले कानुन बमोजिम बाहेक आफ्नो अधिकार क्षेत्रमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था हुनुका साथै निम्न अनुसारका थप व्यवस्थाहरू रहेका छन्।

१. नेपाल सरकारको पूर्वस्वीकृति लिएर मात्र वैदेशिक अनुदान वा सहयोग लिन वा वैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने ।

२. नेपाल सरकारको सहमति लिएर मात्र वित्त आयोगले सिफारिस गरेको सीमाभित्र आन्तरिक ऋण लिन सक्ने ।

३. नेपाल सरकारसँग मनासिव कार्यका लागि ऋण लिन सक्ने ।

४. कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय सरकारलाई प्रतिकूल असर नहुने गरी लगाउनु पर्ने (संवैधानिक व्यवस्था)

५. कर नलाग्नेः कूटनीतिक नियोग, कूटनीतिज्ञ, वैदेशिक ऋण वा सहायताबाट संचालित परियोजनावाट हुने पैठारी, सामुहिक वा संयुक्त आवासको बिक्री नभएको स्टक, सामूहिक आवासको सार्वजनिक उपयोगको क्षेत्र ।

### आन्तरिक आय परिचालनको वर्तमान अवस्था

नगरपालिकाको आन्तरिक आय सम्भाव्यता थाहा पाउनको लागि हालको कानुनी प्रावधान अनुसार नगर पालिकालाई उपलब्ध आय शीर्षकहरूको परिचालन कसरी गरिएको छ भनी जान्नु उपयुक्त हुन आउँछ । नगरपालिकाले उपरोक्त आय शीर्षकहरू मध्ये कतिवटामा राजस्व असुली गरिरहेको, कतिवटामा संकलनको निर्णय मात्र गरेको र भएका शीर्षक मध्ये कति वटामा दर र दायरा वढाउन सकिने र कतिवटा शीर्षक परिचालन गर्न सकिने हो भनी नगरपालिकाका पदाधिकारीहरूसँगको छलफलबाट यथार्थ अवस्था झल्काउन कोशिस गरिएको छ ।

*तालिका ५: आन्तरिक आय परिचालनको वर्तमान अवस्था*

| क्र.सं. | आयका प्रकार | सम्भावनाको विवरण | सङ्कलन भएको/नभएको | दर निर्धारणको अवस्था |
|---|---|---|---|---|
| क. | कर तर्फ | | | |
| १ | भूमि कर (मालपोत) | छ | भएको | भएको |
| २ | सम्पीत्त कर | छ | भएको | भएको |
| ३ | व्यवसाय कर | छ | भएको | भएको |
| ४ | घर जग्गा वहाल कर | छ | भएको | भएको |
| ५ | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | छ | नभएको | भएको |
| ६ | जडीबुटी, कवाडी र जिवजन्तु कर | छ | नभएको | भएको |
| ७ | विज्ञापन कर | छ | भएको | भएको |
| ८ | मनोरञ्जन कर | छ | नभएको | भएको |
| ख. | अन्य राजस्व | | | |
| १ | ढुङ्गा, गिट्टी, वालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, | छ | भएको | भएको |

| क्र.सं. | आयका प्रकार | सम्भावनाको विवरण | सङ्कलन भएको/नभएको | दर निर्धारणको अवस्था |
|---|---|---|---|---|
| | खरीढुङ्गा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको विक्री तथा निकासी शुल्क | | | |
| २ | नक्सापास दस्तुर | छ | भएको | भएको |
| ३ | व्यक्तिगत घटना दर्ता शुल्क | छ | भएको | भएको |
| ४ | वहाल विटौरी शुल्क | छ | भएको | भएको |
| ५ | पार्किङ्ग शुल्क | छ | नभएको | भएको |
| ६ | अस्पताल संचालन | छैन | नभएको | नभएको |
| ७ | फोहरमैला व्यवस्थापन शुल्क | छ | नभएको | नभएको |
| ८ | स्थानीय खानेपानी महसुल | छैन | नभएको | नभएको |
| ९ | स्थानीय विद्युत महसुल | छैन | नभएको | नभएको |
| १० | केवलकार, टेकिङ्ग, कायाकिङ्ग, वन्जीजम्प, जिपफ्लायर, प्याराग्लाईडिङ्ग आदि मनोरंजन तथा साहसी खेलकुद सम्बन्धि सेवा तथा व्यवसायमा सेवाशुल्क | छ | नभएको | नभएको |
| ११ | निर्माण, संचालन र व्यवस्थापन गरेका स्थानीय पुर्वाधार तथा सेवामा सेवाशुल्क (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, व्यायामशाला, पर्यटकिय स्थल, हाटबजार, पशु वधशाला, शवदाह गृह, घोविधाट, सडक, वसपार्क, पुलआदि | छ | नभएको | भएको |
| १२ | मूल्याङ्कन सेवा शुल्क | छ | नभएको | नभएको |
| १३ | दर्ता, अनुमति तथा नवीकरण दस्तुर (एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म | छ | भएको | भएको |
| १४ | ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग शुल्क | छ | नभएको | भएको |
| १५ | वडा मार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर | छ | भएको | भएको |
| १६ | दण्ड जरिवाना | छ | भएको | भएको |

उल्लिखित तालिकाका आधारमा विश्लेषण गर्दा नगरपालिकाले करतर्फ ८ वटा मध्ये ८ वटा शीर्षकहरूमा आय सङ्कलन गर्ने सम्भावना देखिन्छ, जसमध्ये नगरपालिकाले हालसम्म ६ वटा शीर्षकहरूको करका दरहरू निर्धारण गरी ४ वटा शीर्षकहरूबाट कर सङ्कलन गरिरहेको छ । तर सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) करको हकमा भने करको दर निर्धारण भएको भएतापनि कर उसुल उपरभएको

छैन। त्यसैगरी जडीबुटी, कवाडी र जिवजन्तु करको सम्भावना रहेको भएतापनि दर निर्धारण तथा सङ्कलन हुन सकेको छैन।

त्यसैगरी गैरकरतर्फ समग्रमा जम्मा १६ वटा शीर्षकहरू मध्ये १३ वटा शीर्षकहरूबाट आय सङ्कलन गर्ने सम्भावना रहेको देखिन्छ भने ३ वटा शीर्षकहरूबाट आय सङ्कलन गर्ने सम्भावना रहेको देखिँदैन। हालसम्म नगरपालिकाले जम्मा १० वटा शीर्षकहरूमा दर निर्धारण गरेको भए तापनि ७ वटा शीर्षकहरूमा मात्र आय सङ्कलन गरिरहेको छ । यस परिच्छेदमा नगरपालिकाको आन्तरिक आय, राजस्व सङ्कलनका प्रमुख क्षेत्रहरूको आय सङ्कलनको अवस्था, सम्भावना, समस्या तथा चुनौतीहरू शीर्षकगत रूपमा विश्लेषण गरिएको छ। त्यसैगरी राजस्व परिचालनमा रहेका सवालहरूको पहिचान, विश्लेषण र समस्या समाधानका उपायहरूको खोजी गरिएको छ ।

## ३.३ आन्तरिक स्रोततर्फ राजस्वका प्रमुख क्षेत्र र सम्भावना

### ३.३.१ कर राजस्व

कर राजस्वका शीर्षक तर्फ रोल्पा नगरपालिकाको हालसम्म दायरामा आएका मुख्य क्षेत्रहरूमा सम्पत्ति कर, मालपोत (भूमिकर , घरजग्गा वाहालकर, व्यवसायकर मात्र संकलन गरेको देखिन्छ। नगरपालिकाका अधिकार क्षेत्रभित्र पर्ने विषेशत सवारी साधन (अटोसिक्सा, ईसिक्सा), जडीबुटी तथा कवाडीकर, विज्ञापन कर, मनोरञ्जन कर जस्ता क्षेत्रहरू लाई दायरामा ल्याउन सकेको छैन । यस सम्वन्धि विस्तृत विवरण तल उल्लेख गरिएको छ ।

**क) सम्पत्ति कर**

**वर्तमान अवस्था**

रोल्पा नगरपालिकाले आ.व. २०७४/७५ देखि सम्पत्ति कर सुरु गरेको छ । नगरपालिकाको आर्थिक ऐनले घर/संरचना र सो संरचनाले चर्चेको जग्गामा सम्पत्ति कर लगाउने व्यवस्था गरेको छ। जग्गाको मूल्यांकन दर कायम गर्दा लिवाङ मुख्य बजार क्षेत्र, पीच सडक संग जोडिएको र अन्य शाखा सडक संग पहुँचका जस्ता विषयलाई समावेश गरिएको छ । सम्पत्तिको मुल्याङ्कनको आधारमा २ लाख सम्मको सम्पत्तिलाई रु. २५ र रु. ५ करोड सम्मको सम्पत्ति मूल्यंकनलाई रु ६० हजार सम्म र सो भन्दा माथिलाई प्रतिहजार रु २ का दरले सम्पत्तिकरको दर कायम गरिएको छ । नगरपालिकाले आ.व. २०७६/७७ मा रु.१६लाख १३ हजार नौसय वाउन्न , आ.ब. २०७७/०७८ मा रु.१९ लाख ५८ हजार ६ सय वयालिस , आ.ब. २०७८/७९ मा रु. १९ लाख ९४ हजार चालिस बराबर आय संकलन गरेको देखिन्छ । नगरपालिकाको कुल आन्तरिक आयमा सम्पत्ति करको योगदान महत्वपुर्ण रहेको देखिन्छ। नगरपालिका कार्यालय लगायत सबै वडा कार्यालयहरूमा बिलिङका लागि कम्प्युटर सफ्टवेयरको संञ्चालन गरिएको देखिन्छ । नगरपालिकाले विगतका वर्षहरूमा सम्पत्ति करको लक्ष्य रु ७० लाख अनुमान गरेको देखिन्छ तर यथार्थमा रु २० लाख भन्दा कम कर उठेको छ ।व्यवहारमा ८० प्रतिसत भन्दा कम लक्ष्य प्राप्तिलाई उपयुक्त अनुमान मान्न सकिँदैन । करका दरहरूमा समेत वैज्ञानिक ढंगले लगाएको पाईदैन जस्तो कि रु. १ देखी रु. २ लाख सम्मलाई करको दर रु. २५ राखिएको छ अर्थात रु. ५० हजारको सम्पत्ति हुनेले पनि रु. २५ र रु. २ लाखको सम्पत्ति हुनेले पनि रु. २५ नै सम्पत्ति कर उठाउने कुरा प्रगतिशील कर अन्तरगत पर्दैन ।करलाई प्रतिहजार वा प्रतिलाखको दरले राख्न सकेमा न्यायोचित हुन्छ । नगरपालिकामा सम्पत्तिकरको लागि ३७ वटा समुहमा

विभाजन गरेतापनि कुन विवरणमा कति घरधुरी पर्ने भन्ने तथ्याङ्कको विश्लेषण आर्थिक ऐन २०७९ ले गरेको देखिँदैन ।

*तालिका ६: नगरपालिकाले निर्धारण गरेको सम्पत्तिकरको दर विवरण*

| क्र.स. | विवरण | सम्पत्ति कर (रु) |
|---|---|---|
| १ | रु १ देखी २ लाख सम्म | २५ |
| २ | रु २ लाख १ देखी ३ लाख सम्म | ५० |
| ३ | रु ३ लाख १ देखी ४ लाख सम्म | ७५ |
| ४ | रु ४ लाख १ देखी ५ लाख सम्म | १०० |
| ५ | रु ५ लाख १ देखी ६ लाख सम्म | १२५ |
| ६ | रु ६लाख १ देखी ७ लाख सम्म | १५० |
| ७ | रु ७ लाख १ देखी ८ लाख सम्म | १७५ |
| ८ | रु ८ लाख १ देखी ९ लाख सम्म | १९० |
| ९ | रु ९ लाख १ देखी १०लाख सम्म | २०० |
| १० | रु १० लाख १ देखी १२ लाख सम्म | २५० |
| ११ | रु १२ लाख १ देखी १४ लाख सम्म | ३०० |
| १२ | रु १४ लाख १ देखी १६ लाख सम्म | ३५० |
| १३ | रु १६ लाख १ देखी १८ लाख सम्म | ३८० |
| १४ | रु १८ लाख १ देखी २० लाख सम्म | ४०० |
| १५ | रु २० लाख १ देखी २२ लाख सम्म | ५०० |
| १६ | रु २२ लाख १ देखी २४ लाख सम्म | ५५० |
| १७ | रु २४ लाख १ देखी २६ लाख सम्म | ६५० |
| १८ | रु २६लाख १ देखी २८ लाख सम्म | ८०० |
| १९ | रु २८ लाख १ देखी ३० लाख सम्म | १००० |
| २० | रु ३० लाख १ देखी ३४ लाख सम्म | १२०० |
| २१ | रु ३४ लाख १ देखी ३८ लाख सम्म | १५०० |
| २२ | रु ३८ लाख १ देखी ४२ लाख सम्म | २००० |
| २३ | रु ४२ लाख १ देखी ४६ लाख सम्म | २५०० |
| २४ | रु ४६ लाख १ देखी ५० लाख सम्म | ३००० |
| २५ | रु ५० लाख १ देखी ६० लाख सम्म | ३५०० |
| २६ | रु ६० लाख १ देखी ७० लाख सम्म | ४५०० |
| २७ | रु ७० लाख १ देखी ८० लाख सम्म | ६००० |
| २८ | रु ८० लाख १ देखी ९० लाख सम्म | ८००० |

| क्र.स. | विवरण | सम्पत्ति कर (रु) |
|---|---|---|
| २९ | ९० लाख १ देखी करोड १ सम्म | १०००० |
| ३० | १ करोड १ देखी १ करोड २० लाख सम्म | १२००० |
| ३१ | १ करोड २० लाख १ देखी १ करोड ६० लाख सम्म | १६००० |
| ३२ | १ करोड ६० लाख १ देखी २ करोड सम्म | २०००० |
| ३३ | १ करोड १ देखी २ करोड २० लाख सम्म | २५००० |
| ३४ | २ करोड २० लाख १ देखी ३ करोड ३० लाख सम्म | ४०००० |
| ३५ | ३ करोड ३० लाख १ देखी ४ करोड सम्म | ५०००० |
| ३६ | ४ करोड १ देखी ५ करोड सम्म | ६०००० |
| ३७ | ५ करोड १ देखी माथि सबै रु २ प्रति हजारका दरले | |

**संभाब्यता**

विद्यमान कानुनी व्यवस्थाले घर र घरले चर्चेको जग्गा र अधिकतम सो जग्गा बराबरको थप जग्गामा मात्र सम्पत्ति कर लाग्ने हुँदा उल्लिखित घरधूरी संख्यालाई नै यस अध्ययनको प्रयोजनका लागि कूल सम्पत्ति करदाता संख्या कायम गरिएको छ । आर्थिक ऐनमा निम्नानुसारका करका दररेट प्रस्ताव गरी सम्पत्ति कर असुल गर्न सकिने सम्भावना देखिन्छ ।

राष्ट्रिय जनगणनाको तथ्याङ्क २०७८ अनुसार नगरपालिका क्षेत्रमा ७४३३ मानिस सँग आफ्नै घरजग्गा सम्पत्तिको नाममा रहेको देखिन्छ । नगरपालिकाले सबै करदाताहरूलाई सम्पत्तिकरको दायरामा ल्याउन सकेमा सम्पत्ति करको आकार वृद्धि हुने देखिन्छ ।

*तालिका ७: प्रस्ताव गरिएको सम्पत्तिकरको दर*

| विवरण | करको दर प्रति लाखमा (रु) | औषत सम्पत्ति कर (रु) | संभावित घर धुरी संख्या | संभावित आय (रु) |
|---|---|---|---|---|
| रु १ देखी ५ लाख सम्म | २५ | ७५ | ३७०० | २७७५०० |
| रु ५ लाख १ देखी १० लाख सम्म | ३० | २२४ | २४०० | ५३७६०० |
| रु १० लाख १ देखी २० लाख सम्म | ४० | ६२०. | ६१५ | ३८१३०० |
| रु २० लाख १ देखी ५० लाख सम्म | ६० | २१३० | ३५० | ७४५५०० |
| रु ५० लाख १ देखी ८० लाख सम्म | ८० | ५२४० | २२७ | ११८९४८० |
| रु ८० लाख १ देखी १ करोड सम्म | ११० | ९९५५ | ७६ | ७५६५८० |
| १ करोड १ देखी १ करोड ५० लाख सम्म | १२० | १५०६० | २५ | ३७६५०० |
| १ करोड ५० लाख १ देखी २ करोड सम्म | १२५ | २१९३८ | २५ | ५४८४३७.५ |

| विवरण | करको दर प्रति लाखमा (रु) | औषत सम्पत्ति कर (रु) | संभावित घर धुरी संख्या | संभावित आय (रु) |
|---|---|---|---|---|
| २ करोड १ देखी ३ करोड सम्म | १३० | ३२५६५ | ५ | १६२८२५ |
| ३ करोड १ देखी ४ करोड सम्म | १४० | ४९०७० | ५ | २४५३५० |
| ४ करोड १ देखी ५ करोड सम्म | १४५ | ६५३२२.५ | ५ | ३२६६१२.५ |
| ५ करोड १ देखी माथि प्रतिहजार रु १.२० | | | | |
| | | | ७४३३ | ५५४७६८५ |

### सुधारका पक्षहरू

- सम्पत्तिकरको दरलाई वैज्ञानिक ढंगले लागु गर्ने र सम्पत्तिकर कार्यविधिलाई समिक्षा गर्ने ।
- नगरपालिकाले सम्पत्तिकर प्रणाली प्रारम्भ गरे सँगै एकिन तथ्याङ्क र सबैकरदाताहरूलाई करको दायरामा सुचिकरण गर्नुपर्ने ।
- सम्पत्ति करको दायरमा सहज रूपमा करदातालाई सुचिकरण गर्ने कार्यका लागि घुम्तिसेवा अभियान संञ्चालन गर्नुपर्ने ।
- सम्पत्ति कर सम्बन्धि पदाधिकारी तथा कर्मचारीहरूका लागि तालिम संचालन गर्ने ।
- सम्पत्ति कर सम्बन्धि आम जनताहरूलाई सञ्चारका विभिन्न माध्यमबाट सूचित गर्ने ।

## ख) घरजग्गा वहाल कर

### वर्तमान अवस्था

नगरपालिकाको आर्थिक ऐन २०७९ ले नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पार, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएमा वहाल रकमको १० प्रतिशतका दरले वहाल कर लगाउने व्यवस्था गरेको छ । नगरपालिकाले आ.व. २०७७/०७८ मा रु २७०६६२,आ.व. २०७८/७९ मा यस शीर्षक तर्फ रु.७०८०५५ भएकोमा चालु आ.व. २०७९/८० को अनुमान अनुसार रु. २००००० उठ्ने अनुमान गरिएको छ भने २०७९ फाल्गुण मसान्तसम्म रु ४१५७४५ रकम उठेको देखिन्छ ।

### सम्भावना

सङ्कलित तथ्याङ्क अनुसार नगरपालिका क्षेत्रमा करिब २४५ जनाले विभिन्न प्रयोजनका लागि घरजग्गा वहालमा लिएको अनुमान छ । नगरपालिकाले घरजग्गा वहाल करलाई प्रगतिशिल बनाई बहाल कर वहाल रकमको १० प्रतिशतका दरले निर्धारण गर्दा देहाय बमोजिम सङ्कलन सम्भावना देखिन्छ । शहरीकरणमा गइरहेको यस नगरपालिकमा करिब रु १६९८००० उठने देखिन्छ ।

तालिका ८: अनुमानित घर जग्गा बहाल कर विवरण

| प्रयोजनका आधारमा बहाल लिने करदाता | बहालमा भएको संख्या | औसत मासिक भाडा रकम जम्मा (रु) | वार्षिक भाडा असुली (रु) | प्रस्तावित करको दर (%) | सम्भावित रकम (रु) |
|---|---|---|---|---|---|
| | (क) | (ख) | (ग) | (घ) | घर बहाल कर |
| अडिट गर्ने तथा संस्थागत व्यावसायिक फर्म, वित्तिय संस्था तथा सार्वजनिक संस्थाहरू (औसत मासिक रू.२०००० वहाल आर्जन गर्ने) | १० | २०००० | २४०००० | १० | २४०००० |
| उल्लेखित बाहेक व्यावसायिक तथा घरयासी प्रयोजनले बहालमा लगाउने (औसत मासिक रू. १५०००वहाल आर्जन गर्ने) | १५ | १५००० | २७००००० | १० | २७०००० |
| उल्लेखित बाहेक व्यावसायिक तथा घरयासी प्रयोजनले बहालमा लगाउने (औसत मासिक रू. १०००० वहाल आर्जन गर्ने) | ६० | १०००० | ७२००००० | १० | ७२०००० |
| उल्लेखित बाहेक व्यावसायिक तथा घरयासी प्रयोजनले बहालमा लगाउने (औसत मासिक रू. ३००० वहाल आर्जन गर्ने) | ७० | ३००० | २५२०००० | १० | २५२००० |
| उल्लेखित बाहेक व्यावसायिक तथा घरयासी प्रयोजनले बहालमा लगाउने (औसत मासिक रू.२००० वहाल आर्जन गर्ने) | ९० | २००० | २१६०००० | १० | २१६००० |
| जम्मा | २४५ | | | | १६९८००० |

**सुधारका पक्षहरू:**

- नगरपालिकामा के कति व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम,जग्गा आदि भाडामा लगाएका छन् भन्ने यकीन तथ्यांक राख्नु पर्ने
- नगरपालिकाले घरजग्गा वाहाल कर भित्रपर्ने करदातालाई करको दायरामा ल्याउनको लागि प्रारम्भिक समयमा वाहालकरको दरलाई व्यक्तिगत प्रयोजन, संस्थागत प्रयोजन गरी दुई प्रकारले न्युनतम दर निर्धारण गरी करको दायरामा समेट्नु पर्ने
- घरबहालमा दिनेहरूको लगत संकलन गर्ने र नियमित अद्यावधिक गर्ने
- घरधनी तथा बहालमा बस्ने दुवैलाई बहाल करको विषयमा जानकारी गराउने
- सम्पत्ति कर, व्यवसाय कर र घर जग्गा वहाल कर संकलनलाई एकीकृत रूपमा एकै पटक उठाउन सकिने गरी तथ्यांक र असूली प्रकृयामा सफ्टवेयर पद्धति विकास गरी कार्यान्वयनमा ल्याउने

## ग) व्यवसाय कर

### वर्तमान अवस्था

नगरपालिकाको आर्थिक ऐनले नगरपालिका क्षेत्रभित्र संचालनमा रहेका उद्योग, व्यापार, व्यवसाय र सेवामा व्यवसायको प्रकृति, पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा व्यवसाय कर लगाउने उल्लेख गरेको छ । नगरपालिकाले आ.व. २०७६/७७ मा यस शीर्षकमा रु.३६०३८०, आ.व. २०७७/७८ मा रु. ७६८५०, आ.ब.२०७८/७९ मा रु.१२८६०१ बराबरको आय संकलन गरेको देखिन्छ भने चालु आ.ब.मा रु. तीस लाख लक्ष्य राखेको छ । चालु आ.व. २०७९/८० को फाल्गुण मसान्तसम्म रु. ७५५९१० संकलन भएको देखिन्छ । आर्थिक ऐनमा करको दरमा न्यूनतम रु. १०० देखि रु. १०,००० सम्म निर्धारण गरिएको छ। नगर क्षेत्रमा रहेका व्यवसायहरूको संख्याको तुलनामा व्यवसाय कर उठ्ती न्युन रहेको देखिन्छ ।

| आर्थिक वर्ष | रकम रु | कैफियत |
|---|---|---|
| २०७६/०७७ | ३६०३८० | यथार्थ |
| २०७७/०७८ | ७६८५० | यथार्थ |
| २०७८/०७९ | १२८६०१ | यथार्थ |
| २०७९/०८० | ३०००००० | अनुमानित |

विगत तीन आर्थिक वर्षको व्यवसाय करको यथार्थ रकम विश्लेषण गर्दा आ.ब. २०७६/०७७ को रकमको अनुपातमा आ.ब.२०७७/०७८ को रकम ठूलो मात्रामा घटेको देखिन्छ भने आ.ब. २०७८/०७९ मा अघिल्लो वर्षको अनुपातमा केही मात्रमा वढेको छ। आ.ब. ०७९/०८० को लागि गरिएको अनुमान रु ३० लाख अत्यधिक बढी देखिन्छ ।

### सम्भाब्यता

यो नगरपालिकाको मुख्य ब्यापारी क्षेत्रहरूमा लिवाङ, माडिचौर, सातदोबाटो तथा खुमेल क्षेत्रहरू हुन्। पहाडी क्षेत्र भएका कारणले पनि हालसम्म संम्भावनाको तुलनामा व्यापार व्यवसाय प्रवर्धन हुने क्रममा नै रहेको छ । नगरपालिकाको आर्थिक ऐन २०७९ ले विभिन्न ६३ वटा शीर्षकमा कर तथा शुल्कका दरहरू निर्धारण गरेको छ ।करका दरहरूमा न्यूनतम रु एक सय देखी अधिकतम रु दश हजार सम्म निर्धारण गरेर व्यवसायीक करहरू उठाईरहेको छ ।जसलाई तलको तालिकामा देखाईएको छ ।आगामी वर्षमा यस शीर्षकमा रु १५ लाख उठन सक्ने संभावना देखिन्छ ।

*तालिका ९: व्यवसायीहरूको विवरण र सम्भावित आय*

| क्र.सं. | करदाता (व्यापार व्यवसायको स्तर अनुसार) | संख्या | औसत करको दर (रु) | संभावित आय (रु) |
|---|---|---|---|---|
| १ | रु १०० देखी रु ५०० सम्म शुक तिर्ने व्यावसायीहरू | ५० | ३०० | १५००० |
| २ | रु ७०० रकम तिर्ने एग्रोभेट लगायत तरकारी पसलहरू | १५० | ७०० | १०५००० |
| ३ | रु १००० रकम तिर्ने पोल्ट्री फर्महियर कटिङ्ग/परामर्श सेवा/टेलर्स/फोटो स्टुडियो/फर्निचरविक्रेता/चिकित्सक/लेखापरिक्षक/ग वर्गका कपडा पसल लगायतका सेवा प्रदान गर्ने निकायहरू | ७५ | १००० | ७५००० |

| क.सं. | करदाता (व्यापार व्यवसायको स्तर अनुसार) | संख्या | औसत करको दर (रु) | संभावित आय (रु) |
|---|---|---|---|---|
| ४ | रु १२०० तिर्ने भाँडापसलहरू /मोबायल पसलहरू /ग्यास सिलिण्डर पसलहरू/ कवाडी लगायत | ५० | १२०० | ६०००० |
| ५ | रु १५०० तिर्ने पुतक तथा स्टेशनरीहरू /ढुवानी सेवाहरू /छापाखाना/स-मिल/ फर्निचर/किराना/मदिरा खुद्रा/ साबुन-बिस्कुट / साना होटलहर लगायत गरगहना पसलहरू | १५० | १५०० | २२५००० |
| ६ | रु २००० रकम तिर्ने स्टिल फर्निचर/ग्रील /दान/डेरी/ख वर्गका कपडा पसल/होटल तथा रेष्टुराहरू /निजि अस्पताल/सुर्तिजन्य/चाउचाउ/औषधी/निर्माण व्यवसायी पालिकामा मुख्य कार्यालय भएको लगायत अन्य | १७५ | २००० | ३५०००० |
| ७ | रु २५०० रकम तिर्ने क वर्गको कपडा पसलहरू / क वर्गका होटल लज तथा गेष्टहाउस मदिरा सहित लगायत | १२५ | २५०० | ३१२५०० |
| ८ | रु ३००० रकम तिर्ने वित्तिय संस्थाहरू/सहकारीहरू /विमा कम्पनीहरू/मनिट्रन्फर/ | ९० | ३००० | २७०००० |
| ९ | रु ३५०० तिर्ने केबुल पसल/पेट्रोलियम पदार्थ | ३ | ३५०० | १०५०० |
| १० | रु ४००० रकम तिर्ने विकास बैंकहरू | २ | ४००० | ८००० |
| ११ | रु ५००० रकम तिर्ने वाणिज्य बैंकहरू /इन्जिनियरिङ्ग कन्सल्टेन्सीहरू र केवल नेटहरू | १० | ५००० | ५०००० |
| १२ | रु १०००० तिर्ने मदिरा पसल होलसेल पसलहरू | २ | १०००० | २०००० |
|  | जम्मा |  |  | १५०१००० |

सुधारका पक्षहरू

- नगरपालिकाले नगर क्षेत्रभित्रका व्यवसायहरूको एकिन तथ्याङ्क अद्यावधिक गर्नुपर्ने ।
- सबै किसिमका व्यवसायहरूलाई करको दायरमा ल्याउनको लागि आर्थिक ऐनमा दर कायम गरि सुचीकरण तथा नविकरण गर्ने कार्यलाई प्राथमिकता साथ लिने ।
- नगरक्षेत्र भित्रका व्यापार व्यवसायहरू नगरपालिकमा दर्ता तथा नविकरण भए/नभएको अनुगमन गर्ने ।
- उद्योग वाणिज्य संघ संग समन्वय गरी व्यवसाय कर बुझाउने कार्यलाई प्रोत्साहन गर्ने ।

## घ) जडिबुटी, कवाडी, जीवजन्तु कर (अखेटोपहरामा लाग्ने कर)

<u>हालको अवस्थाः</u>

नगरपालिकाका बजार क्षेत्रबाट कवाडी सङ्कलन गरी बेचबिखन गर्ने व्यवसायहरू रहेका छैनन् साथै अन्य जीवजन्तु तथा जडिबुटी सङ्कलन तथा बिक्रीका सन्दर्भमा भने तथ्याङ्क तथा सूचनाको अभाव देखिन्छ । नगरपालिकाले आर्थिक ऐनमा यो कर सङ्कलनको प्रावधान र दरहरू उल्लेख गरेको छ। अघिल्लो आ.व.मा कति सङ्कलन भएको भन्ने तथ्याङ्क छैन साथै चालु आ.व.का लागि कुनै रकम अनुमान गरेको छैन। नगरपालिकाले यस्ता व्यवसाय संचालन गर्नेलाई इजाजत प्रदान गरी प्रति के.जी./प्रति क्विन्टलका दरले यस्ता कारोबार गर्नेसँग कर सङ्कलन गर्न उपयुक्त देखिन्छ । नगरपालिकाको धेरै भु-भागहरू जंगल

तथा हिमाली भागले ढाकेकोले केही क्षेत्रमा चिराइतो लगायतका जडीबुटी प्रचुर मात्रामा रहेको भए तापनि न्यून रूपमा सङ्कलन हुने साथै नियमन कमजोर भएका कारण राजस्व सङ्कलन अपेक्षित हुन सकेको छैन तर यस नगरपालिकाले जडीबुटी कर सङ्कलनको व्यवस्था र दर निर्धारणको छ ।

वैज्ञानिक वन लेखाजोखा (इनभेन्ट्रि) गररे जडीबुटी केन्द्रको स्थापना, वन पैदावरको सङकलन केन्द्रको स्थापना, व्यवसायिक जडीबूटी खेती र आयुर्वेद प्रणालीमा बजारीकरण, वैज्ञानिक वन व्यवस्थापन गरिए जडिबुटी आदिको प्रवल सम्भावना देखिन्छ ।आर्थिक ऐन २०७९ अनुसार यस शीर्षकमा उन प्रति के.जी. रु २५ पैसा , खोटो प्रति टिन रु १०, खालि सिसी बियर बोतल रु ५० पैसा प्रति बोतल, मरेको वा मारिएको पशुको हाड, सिङ्ग, खुर, छाला प्रति के.जि. रु ५० पैसा जस्ता दरहरू उल्लेख गरेको छ ।यस शीर्षकमा चालु आ.ब. २०७९/०८० मा रु ४ लाख अनुमान गरिएकोमा फाल्गु मसान्त सम्ममा रु २ लाख उठीसकेको छ ।

<u>संभाव्यताः (कवाडी तथा जडीबुटी कर):</u>
जडीबुटी र कवाडी सम्बन्धमा कुनै वैज्ञानिक तथ्याङ्क नभएकाले गत वर्षको आधारमा आगामी आ.व.मा जम्मा रू. ६ लाख ५० हजार सङ्कलन हुन सक्ने अनुमान गरिएको छ ।

<u>सुधारका पक्षहरू:</u>

- जडीबुटीको चोरी निकासीलाई करको दायरमा ल्याउन छिमेकी पालिकाहरूसँग सहकार्य गर्नुपर्ने ।
- जडीबुटी, कवाडी तथा जीवजन्तु कारोबारको अनुगमन गरी सबैलाई करको दायरामा समावेश गर्नुपर्ने ।
- कवाडी वस्तुहरूको व्यावसायिक रूपमा सङ्कलन तथा कारोबार गर्नेलाई इजाजत प्रदान गरी कारोबारको आधारमा कर सङ्कलन गर्ने ।

### ङ). विज्ञापन कर

**वर्तमान अबस्था तथा सम्भावना**

यस नगरपालिकाको आर्थिक ऐनमा विज्ञापन कर सम्बन्धि व्यवस्था संगै करको दर समेत उल्लेख गरिएको छ ।विद्यमान कानुनी व्यवस्था अनुसार नगरपालिकाले आफ्नो क्षेत्रका सडक, चोक, सार्वजनिक स्थलमा विज्ञापन, प्रचार प्रसार आदिका लागि राख्न दिने साइन बोर्ड, ग्लोबोर्ड स्टल, भित्तेलेखन आदिमा विज्ञापन कर लगाउन सक्नेछ । संघीय कानुन अनुसार यो प्रदेश सरकारसंग बाँडफाँट हुने कर हो । विज्ञापन करको दर निर्धारण तथा संकलन नगरपालिकाले गरी संकलित रकम मध्ये ४० प्रतिशत प्रदेश सरकारलाई दिनु पर्दछ । विगत तीन वर्षमा यस शीर्षकमा आय प्राप्त भएको भएपनि विज्ञापन कर शीर्षकमा आय प्राप्त गरेको देखिँदैन । रोल्पा नगरपालिका जिल्लाको सदरमुकाम क्षेत्र बजार तथा आर्थिक कारोबर हुने क्षेत्र भएकोले व्यवसायिक प्रयोजनका लागि विभिन्न प्रकृतिका विज्ञापनहरू जस्तै साइन बोर्ड, ग्लोबोर्ड, भित्तेलेखन, ब्यानर आदिलाई विज्ञापन करको दायरामा ल्याउन सकिने सम्भावना रहेको देखिन्छ।

आर्थिक ऐन २०७९ मा निम्न अनुसार विज्ञापन करका दरहरू निर्धारण गरेको देखिन्छ ।

तालिका १०: विज्ञापन कर दर

| क.स. | विज्ञापन विवरण | एकाई | दर ( रु) |
|---|---|---|---|
| १ | व्यापारिक विज्ञापन भित्ते लेखन | वर्ग फिट | ५ |
| २ | होडिङ् बोर्ड | वर्ग फिट | ५ |
| ३ | टेलिफोन टावर ५० फिट सम्म | वटा | ५०० |
| ४ | व्यानर फ्याक्स प्रिन्ट ५० वर्ग फिट सम्म व्यापारिक विज्ञापन | दिन | २० |
| ५ | स्टेच प्रोग्रामबाट गरिने विज्ञापन | दिन | ५००० |

सबै वस्तुस्थिति लाई आकलन गर्दा आगामी वर्षको लागि रु २५०००० बराबरको आय प्राप्त गर्न सकिने आकलन गर्न सकिन्छ ।

### सुधारका पक्षहरू

- विज्ञापनका सामग्री तथा प्रयोग हुन सक्ने स्थानहरूको यथार्थ तथ्याङ्क संकलन गर्ने ।
- संकलित विवरण अनुसार विज्ञापन करको दर निर्धारण गर्ने ।
- न्यूनतम संकलन हुन सक्ने रकम यकिन गरी ठेक्का अंक निर्धारण गर्ने र निजी क्षेत्रसंग सहकार्य गर्ने ।

## साना सवारी कर

### वर्तमान अवस्था तथा सम्भावना

सवारी कर प्रदेश र स्थानीय तहको साझा अधिकार क्षेत्रको भित्र पर्ने कर शीर्षक हो । यस व्यवस्था अनुसार नगरपालिकाले टाँगा, रिक्सा, अटो रिक्सा र विद्युतिय रिक्साको सवारी करको दर निर्धारण तथा संकलन गरी आफ्नो कोषमा जम्मा गर्न सक्ने व्यवस्था गरिएको छ ।अटोरिक्सा सन्चालन तथा इजाजत दस्तुर, अटोरिक्साका साथै वस, ट्रक, हेभी गाडी लगायतका सवारी साधन करको निर्धारण नगरपालिकाको आर्थिक ऐनको अनुसूची (६) मा स्पष्ट रूपमा तोकेको छ ।

### सम्भाव्यता

सवारी साधन करको उपयोगिताबाट नगरपालिकाले आन्तरिक आय बढाउन सक्नेछ ।शहर उन्मुख क्षेत्रहरूमा भविष्यमा यस कर मार्फत नगरपालिकाको आय वढने सम्भाव्यता भएपनि हाललाई यस शीर्षकमा उठने आम्दानीको अनुमान गरिएको छैन ।

### सुधारका पक्षहरू

- नगरपालिकाले साना सवारी साधनहरूको सुचीकरण गरी करको दायरामा ल्याउने प्रयत्न गर्ने ।
- साना सवारी साधनहरूको संञ्चालन अनुमति तथा नविकरणको नीतिगत व्यवस्था गर्नुपर्ने ।
- स्थानीय तहलाई साना सवारी साधनको लाईसेन्स आनुमतिपत्र प्रदान गर्ने अधिकार दिनुपर्ने ।

## ३.३.२ गैरकर राजस्व

### क) फोहोर मैला व्यवस्थापन शुल्क

**वर्तमान अवस्था तथा सम्भावना**

नगरपालिकाले आफ्नो क्षेत्रभित्र फोहोरमैला व्यवस्थापन, सरसफाइ, ढल निकासजस्ता सेवा निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको अवस्थामा सेवा शुल्क लिन सकिने कानुनी व्यवस्था रहेको छ। रोल्पा नगरपालिकाले मुख्य नगरक्षेत्र सदरमुकाम भित्रका घरहरूबाट नियमित जैविक तथा अजैविक फोहरलाई संकलन गरी व्यवस्थापन गरेको देखिन्छ। त्यसैगरी शौचालयको सेप्टिटंकि मानवमलमुत्र व्यवस्थापनका लागि सक्सन मेसिन प्रयोग गरी सेवाशुल्क उठाउने गरेको देखिन्छ । विगतका वर्षहरूमा नगरपालिकाको आन्तरिक आय शीर्षकमा फोहरमैला व्यवस्थापन शुल्क राजस्वको संकेतअनुसार छुट्टै अभिलेख राखेको देखिँदैन कुनै अन्य दस्तुर शीर्षकमा राखिएको हुनुपर्छ । नगरपालिकाको आर्थिक ऐन २०७९ मा फोहर व्यवस्थापन शुल्क बापत सटर, कोठा, तरकारी पसल, मोटरबाटोमा पर्ने घर, निजी विद्यालय, नास्तापसल, हस्पिटल तथा मेडिकल जस्ता क्षेत्रहरूको फोहर व्यवस्थापन शुल्कको दर निर्धारण गरेको छ । नगरपालिकाले आफ्नै पहलमा दैनिक फोहर संकन गर्ने गरेको देखिन्छ।

*तालिका ११: फोहोरमैलाको लागी प्रस्तावित दर*

| क्र.स. | विवरण | अनुमानित संख्या | मासिक (रु) | वार्षिक रकम ( रु) |
|---|---|---|---|---|
| १ | प्रत्येक सटर | २२ | १०० | २६४०० |
| २ | प्रत्येक कोठा | ५० | ७५ | ४५००० |
| ३ | तरकारी पसल | २५ | १०० | ३०००० |
| ४ | ढुवानी | ५ | ५० | ३००० |
| ५ | ढ्याप्ली | ५ | १०० | ६००० |
| ६ | पक्की मोटर बाटोमा पर्ने प्रत्येक घर | ७५ | २०० | १८०००० |
| ७ | निजि विद्यालय | १० | २०० | २४००० |
| ८ | पुरा घर लिएको होटल तथा लज | २५ | १२०० | ३६०००० |
| | | | | ६७४४०० |

**सम्भाव्यता**

नगरपालिकाले तय गरेको फोहरमैला व्यवस्थापन वार्षिक रूपमा रु.६७४४०० रकम जम्मा हुने सम्भवना देखिन्छ ।

**सुधारका पक्षहरू**

- नगरपालिकाको फोहर व्यवस्थापनका लागि आवश्यक कार्य तथा नीतिगत व्यवस्था शुल्क दर लाई परिमार्जन गर्दे जाने ।
- सार्वजनिक र नीजि साझेदारी अनुरूप फोहर व्यवस्थापन गर्न सकिने ।

### ख) पार्किङ शुल्क

नगरपालिकाले आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ सेवा उपलब्ध गराए बापत पार्किङ शुल्क लगाउन सक्ने कानुनी व्यवस्था रहेको छ । आर्थिक ऐनमा पार्किङ शुल्क सम्बन्धि दरको व्यवस्था गरेको छ । विगतका वर्षमा यस शीर्षकमा आय संकलन भएको देखिँदैन। यसका लागि नगरपालिकाले पार्किङ पूर्वाधारको व्यवस्था/विकास गरी नगरको आय आर्जन सँग जोड्न सकिन्छ । नगरक्षेत्रमा सडकको अवस्था, नागरिकको मनोविज्ञान, पार्किङ पूर्वाधारमा नगरपालिकाको लगानी जस्ता पक्षलाई विश्लेषण गर्दा तत्काल पार्किङ शुल्क संकलन हुने सम्भावना पनि देखिँदैन।

### ग) बहाल बिटौरी शुल्क

#### वर्तमान अवस्था

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत बहाल बिटौरी शुल्क लगाउन पाउने व्यवस्था गरेको छ । नगरपालिकाको आर्थिक ऐनमा शुल्कको व्यवस्था गरे पनि यस शीर्षकमा आय संकलन भएको देखिँदैन । नगरपालिकाको वडा नं.४ मा कृषि हाटका लागि संरचना निर्माण गरिएको छ तर दिगोरूपमा नियमित कृषि हाट लाग्न सकेको देखिँदैन। हालका लागि नगरपालिकाले हाट संञ्चालनका लागि विभिन्न स्थानहरूमा संरचनामा लगानी गर्नुपर्ने देखिन्छ। सरकारी तथा प्रतिजग्गामा व्यवसायिक प्रयोजनका लागि बजार वा पसल संञ्चालन भएको देखिँदैन। नगरपालिका संगको छलफलमा आएको सुझाब अनुसार हाललाई बहाल विटौरी शुल्कको सम्भावना न्युन देखिन्छ ।

### घ) नक्सा पास दस्तुर

#### वर्तमान अवस्था तथा संम्भावना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले कसैले पनि गाउँपालिका वा नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्नु हुँदैन भन्ने निर्देश गरेको छ । नगरपालिका आर्थिक ऐनले आर.सी.सी. तथा लोडवियरिङ र कच्चि घर बजार क्षेत्र र सहर उन्मुख ग्रामीण क्षेत्रमा दस्तुरहरू कायम गरिएको छ । विगत वर्षको आन्तरिक आयको अध्ययन गर्दा यस नगरपालिकाको नक्सापास दस्तुर बापत राजस्वको संकेतमा आ.ब. २०७८/७९ मा रु ५००० संकलन भएको देखिन्छ । चालु आ.ब.२०७९/८० मा रु ५ लाख संकलन गर्ने लक्ष्य राखेको देखिन्छ । नगरपालिकाको डिजिटल प्रोफाईल २०७७ गरिएको सर्भेक्षण अनुसार ६८०१ जनालाई घरको नक्सापास भएनभएको जानकारी संकलन गर्दा ३९७ जनाले घरको नक्सा पास गरेको र ६३९८ नक्सा पास नगरेको जानकारी दिए । यस बाट के भन्न सकिन्छ भने रोल्पा नगरपालिकामा अझैपनि नक्सा पास गरी घर निर्माण गर्ने र भएका संरचनाको अभिलेखीकरण गर्ने सचेतना नागरिकहरूमा पुर्याउन बाँकी छ । नगरपालिकाले भवन संहिताको पालना गराउने सम्बन्धमा प्रर्वद्धनात्मक कार्यक्रम तथा नयाँ निर्माण भईरहेका आर.सी.सी. लोड वियरिङ घरको अनिवार्य नक्सा पास तथा नक्सापास नगरी बनेका घरहरूको अभिलेखीकरण गर्ने कार्यलाई तदारुकता दिएको देखिन्छ । आर्थिक ऐन २०७९ अनुसार नगरपालिकाले नक्सापास दस्तुर निम्न अनुसार तोकेको छ ।

| बजार क्षेत्र | विवरण | रकम ( रु) |
|---|---|---|
| | फ्रेम स्ट्रक्चर ईटा | ३ |
| | लोड वियरिङ्ग आर.सि.सि.छाना भएको प्रति वर्ग फिट | २.५० |
| | लोड वियरिङ्ग आर.सि.सि.छाना भएको प्रति वर्ग फिट | २ |
| | कच्ची घर | ०.५० |
| ग्रामिण क्षेत्र | फ्रेम स्ट्रक्चर ईटा | २ |
| | लोड वियरिङ्ग आर.सि.सि.छाना भएको प्रति वर्ग फिट | १.५० |
| | लोड वियरिङ्ग आर.सि.सि.छाना भएको प्रति वर्ग फिट | १ |
| | कच्ची घर | ०.२५ |

**सम्भाव्यता**

नगरपालिकामा बन्दै गरेका आर.सी.सी. लोडवियरिङ घरको संख्या, भवन आचार संहिताको पालना र अभिलेखीकरणको अवस्था, चालु आ.ब.मा यस शीर्षकमा गरिएको अनुमान लाई आकलन गर्दा आगामी वर्ष रु ४ लाख ५० हजार नक्सापास दस्तुर प्राप्त गर्न सकिने सम्भावना देखिन्छ।

**सुधारका पक्षहरू**

- नगरक्षेत्र भित्रका भवन संहिता लागु हुनु भन्दा पहिलेका आर.सी.सी. प्रणालीबाट निर्माण भएका घरहरूको अभिलेखीकरण वा सुचीकरण गर्ने कार्यलाई तदारुकता साथ लागु गरिनु पर्ने ।
- नयाँ निर्माण हुन लागेका घरहरूको अनिवार्य नक्सापास गर्ने ।
- पूर्वाधार शाखामा आवश्यक जनशक्ति व्यवस्थापन गर्नुपर्ने ।

**ङ) नाता प्रमाणित दस्तुर**

स्थानीय तह नै स्थानीय सरकार भएकोले नगरवासीहरूको विभिन्न कारणले नाता प्रमाणित कागजातहरू बनाउने दायित्व नगरपालिकाको हो । सो वापत नगरपालिकाले रु २०० शुल्क लिदै आएको कुरा आर्थिक ऐन २०७९ मा उल्लेख गरेको छ। आ.ब. २०७८/०७९ मा यस शीर्षकमा रु ५५४५७ आय गरेको र चालु आ.ब. २०७९/८० मा यस शीर्षकमा रु. ५ लाख अनुमान गरेको छ ।

**सम्भाव्यता**

| क्र.स. | विवरण | अनुमानित संख्या | दर (रु) | जम्मा रकम (रु) |
|---|---|---|---|---|
| १ | नाता प्रमाणित दस्तुर | २५०० | २०० | ५००००० |

यस शीर्षकमा चालु आ.ब. को झै रु. ५ लाख उठने अनुमान गरिएको छ ।

**च) व्यक्तिगत घटना दर्ता विलम्ब शुल्क**

नगरपालिकामा व्यक्तिगत घटना दर्ता विलम्ब वापत यो शुल्क लिने गरिन्छ। नगरपालिकाले आर्थिक ऐनमा व्यवस्था गरे बमोजिम आ.ब. २०७८/०७९ मा रु १६५१९१ उठाएको र चालु आ.ब. २०७९/०८० मा यस शीर्षकमा रु. २ लाखको अनुमान गरेको छ ।

**सम्भाव्यता**

यस शीर्षकमा बढीरहेको संख्याको आधारमा आगामी आ. व. मा रु ३ लाख ५० हजार आयको अनुमान गरीएको छ ।

### छ. प्रशासनिक दण्ड, दण्ड जरिवाना

अन्य राजस्व शीर्षकमा अन्य राजस्व समेत राखिएको भएतापनि यस नगरपालिकाको आर्थिक ऐन २०७९ मा यस कुराको उल्लेख गरेको पाईदैन । विगतमा यस शीर्षकमा कुनै रकम नउठेको भए पनि यस शीर्षकमा प्राय केही न केही रकम उठनेछ ।

**सम्भाव्यता**

यस शीर्षकमा करिब रु. ५० हजार उठने अनुमान गरिएको छ ।

### ज. अन्य सिफारिस दस्तुर

**वर्तमान अवस्था**

नगरपालिकाले दस्तुर शीर्षक अन्तर्गत सिफारिस तथा बक्सौनी दस्तुर, अन्य दस्तुर निवेदन तथा सिफारिस, सर्जमिन, जग्गा प्लटिङ अनुमति, इजाजत तथा नवीकरण आदि आर्थिक ऐनमा दर तोकी राजस्व संकलन गरिआएको छ। नगरपालिकाले आ.ब.२०७६/७७ मा रु.७६६३०८, आ.ब.२०७७/७८ रु. ८२४१६६, आ.व. २०७८/७९ मा रु.९१५९१२ संकलन गरेको देखिन्छ भने चालु आ.ब.मा रु १० लाख संकलन गर्ने लक्ष्य राखेको छ । सिफारिस दस्तुरहरूमा मठ, मन्दिर पाटी पौवा, असाहाय तथा अपाङ्ग जस्ता क्षेत्रहरूलाई निशुल्क गरिएको छ भने अन्य ३८ विभिन्न क्षेत्रमा फरक फरक सिफारिस दरहरूलाई निर्धारण गरिएको छ ।जसलाई निम्न अनुसार देखाईएको छ ।

*तालिका १२: विभिन्न प्रमाणित तथा सिफारिस दस्तुरका दरहरू*

| क्र.स. | क्षेत्रहरू | रकम ( रु) | कैफियत | औषत रकम रु | संख्या | जम्मा रकम रु |
|---|---|---|---|---|---|---|
| | मठ, मन्दिर पाटी पौवा, असाहाय तथा अपाङ्ग | निशुल्क | | | | |
| १ | वकस पत्र | १५०० | | १५०० | १५ | २२५०० |
| २ | शेष पछिको वकस पत्र | १००० | | १००० | ५ | ५००० |
| ३ | अंशवण्ड | ५०० | | ५०० | ५० | २५००० |
| ४ | चारकिल्ला बाटो प्रमाणित | रु २००-रु ५०० | विवरण फरक फरक भए अनुसार | २५० | १५० | ३७५०० |
| ५ | घर कायम | रु २५०-रु १००० | विवरण फरक फरक भए अनुसार | ७२५ | १२० | ८७००० |
| ६ | रकम असुलेको मिलापत्र | २ प्रतिशत | | | | ५०००० |
| ७ | बसोवास | ५०० | | ५०० | ५० | २५००० |
| ८ | नाम सच्याउने/ सर्जिवन | ५०० | | ५०० | ३०० | १५०००० |

| क्र.स. | क्षेत्रहरू | रकम ( रु) | कैफियत | औषत रकम रु | संख्या | जम्मा रकम रु |
|---|---|---|---|---|---|---|
| | मुचुल्का | | | | | ० |
| ९ | संघ संस्था दर्ता / नवीकरण | रु ५००-रु १००० | विवरण फरक फरक भए अनुसार | ७५० | ७० | ५२५०० |
| १० | रुख कटानको लागि सिफारिस | रु २५०-रु ५०० | विवरण फरक फरक भए अनुसार | ३७५ | ६० | २२५०० |
| ११ | नागरिकता सिफारिस | रु १००-रु ५०० | विवरण फरक फरक भए अनुसार | ३०० | ३५० | १०५०० ० |
| १२ | छुट जग्गा दर्ता | रु २००-रु ६०० | विवरण फरक फरक भए अनुसार | ४०० | २० | ८००० |
| १३ | घर तला खुलाउने दस्तुर | रु २००-रु ५०० | विवरण फरक फरक भए अनुसार | ३५० | १२० | ४२००० |
| १४ | पेन्सन नामसारी दस्तुर | रु ५००- रु१००० | विवरण फरक फरक भए अनुसार | ७५० | १५ | ११२५० |
| १५ | घर जग्गा नामसारी | रु ५००- रु १२०० | विवरण फरक फरक भए अनुसार | ८५० | १२५ | १०६२५० |
| १६ | ठेक्का लाईसेन्स | रु ५००- रु २००० | विवरण फरक फरक भए अनुसार | १२५ ० | ३० | ३७५०० |
| १७ | निजी विद्यालय सिफारिस | रु १०००-रु २००० | विवरण फरक फरक भए अनुसार | १५० ० | ५ | ७५०० |
| १८ | सरकारी विद्यालय तर्फ सिफारिस | रु ४००-रु १२०० | विवरण फरक फरक भए अनुसार | | ४ | ० |
| १९ | विद्युत सिफारिस | रु २००-रु १००० | विवरण फरक फरक भए अनुसार | ६०० | १०० | ६०००० |
| २० | उद्योग दर्ता सिफारिस | रु १०००-रु १५०० | विवरण फरक फरक भए अनुसार | १२५ ० | ७५ | ९३७५० |
| २१ | नेपाली भाषामा प्रमाणित सिफारिस | रु २०० | | २०० | २८० | ५६००० |
| २२ | अंग्रेजी भाषामा प्रमाणित सिफारिस | रु ३०० | | ३०० | २५० | ७५००० |
| २३ | व्यवसाय दर्ता सिफारिस | रु २००-रु १००० | विवरण फरक फरक भए अनुसार | ६०० | २२० | १३२००० |

राजस्व संकलन नगरपालिका कार्यालयसहित सबै वडा कार्यालयहरूबाट गर्ने गरिएको छ । बिलिङको लागि नगरपालिका कार्यालयसहित सबै वडाहरूमा समेत कम्प्युटर, राजस्व सफ्टवेयरको कार्यान्वयन भएको छ ।

**सम्भाव्यता**

गत तीन वर्षको यस शीर्षकमा नगरपालिकाले प्राप्त आय, वृद्धिको प्रवृति र नगरवासीहरूका सिफारिस शीर्षकमा दिनप्रतिदिन बढ्दै गएको आवश्यकता लाई आकलन गर्दा आगामी आ.व. मा सिफारिस तथा प्रमाणित दस्तुरमा रु १५ लाख आय प्राप्त गर्न सकिने सम्भावना देखिन्छ ।

**सुधारका पक्षहरू**

- विभिन्न किसिमका सिफारिस तथा दस्तुरहरूको वर्गीकरण गरी दस्तुरका दर निर्धारण गर्ने ।
- सिफारिस तथा दस्तुरहरूको छुट्टाछुट्टै रेकर्ड राख्ने ।
- सिफारिस वा प्रमाणित गर्नु पूर्व दस्तुर तिरे नतिरेको एकीन गर्ने ।
- दस्तुर नबुझाएसम्म सम्बन्धित अधिकारीले सिफारिस वा प्रमाणित नगर्ने ।
- वडाबाट संकलित दस्तुरहरू शीर्षक सहितको विवरण तयार गर्ने ।

**झ) पर्यटन स्थल प्रवेश शुल्क**

**वर्तमान अवस्था तथा सम्भावना**

नगरपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार वा पर्यटकीय स्थलमा कुनै सेवा उपयोग गरेबापत सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क लगाउन सक्ने कानुनी व्यवस्था छ । रोल्पा नगरपालिकाले पूर्वाधार सहित लगानी गरेर आन्तरिक पर्यटकहरूलाई प्रर्वद्धन गर्न सातदोबाटो मा जनयुद्ध स्मृति भ्यूटावर, रक गार्डेन र चिल्डेन पार्क संञ्चालनमा ल्याएको पाईन्छ । नगरपालिकामा त्यस्ता थुपैक्षेत्रहरू अझ लगानी गरी आन्तरिक पर्यटनका लागि गन्तव्य बनाउन सकिने क्षेत्रहरू रहेका छन्। नगरपालिकाको विगतका वर्षहरूमा आन्तरिक आयमा पर्यटन शुल्क बापत राजस्वको संकेतअनुसार आय कायम गरेको देखिंदैन । प्राप्त शुल्कलाई अन्य शीर्षकमा राखेको अनुमान गर्न सकिन्छ । स्थलगत सर्भेक्षणको क्रममा प्राप्त जानकारी अनुसार नगरपालिकाले नगरप्रहरी परिचालन गरी जनयुद्ध स्मृति भ्यूटावरमा रु ५० प्रवेश शुल्क लगाउने गरेको र मासिक औषत करिब २० देखि २५ हजार आम्दानी हुने गरेको छ। आर्थिक ऐन २०७९ मा समेत पर्यटन शुल्कको बारेमा व्यवस्था गरेको छ ।

**सम्भाव्यता**

त्यसैगरी सातदोबाटोमा रहेको रक गार्डेनमा प्रवेश शुल्क बाफत रु ३० संकलन गर्ने गरेको र मासिक औसत रु १५ देखि २० हजार संकलन हुने जानकारी सम्बन्धित पक्षको रहेको छ । उल्लेखित दुईवटा स्थान र चिल्डेनपार्क सहितलाई पनि प्रवेश शुल्कको दायरामा ल्याउन सकेमा नगरपालिकाले आगामी वर्ष रु ५५३००० बराबर आम्दानी हुने अनुमान गर्न सकिन्छ ।

**सुधारका पक्षहरू**

- पर्यटन स्थल प्रवेश शुल्कको नीतिगत व्यवस्था गरी आर्थिक ऐनमा शुल्क निर्धारण गर्ने ।
- नगरक्षेत्र भित्रका पर्यटकीय स्थलहरूको पहिचान तथा पर्यटक आगमन संख्याको आकलन गरी न्युनतम दर कायम गरी ठेक्का प्रक्रियामा जाने ।

### ञ) बिक्रीबाट प्राप्त रकम (ढुंगा, गिट्टी, बालुवा बिक्री)

**वर्तमान अवस्था तथा संभावना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तु बिक्री गर्न सक्ने प्रावधान राखेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको यस व्यवस्थासँगै संघीय कानुनमा स्रोत बाँडफाँटको अर्को स्पष्ट कानुनी व्यवस्था नभएसम्म यस शीर्षकको राजस्व नगरपालिकाको एकल अधिकार क्षेत्रभित्र पर्ने देखिन्छ। साविकमा प्रारम्भिक वातावरणीय परीक्षणको मात्र व्यवस्था भएकोमा यस संशोधनसँगै वातावरणीय प्रभाव मूल्यांकनको समेत व्यवस्था भएको छ र आवश्यकता अनुसार यी दुई अध्ययनको सिफारिसका आधारमा स्थानीय तहले ढुंगा, गिट्टी, बालुवा, माटो वा स्लेट बिक्री गर्न सक्ने कानुनी व्यवस्था रहेको छ ।

नगरपालिकाको आन्तरिक आय अन्तरगत यस शीर्षकमा राजस्वको संकेत कायम गरी स्पष्ट आय बाधेको देखिँदैन । अन्य दस्तुरमा यस शीर्षक अन्तरगत प्राप्त आयलाई पनि समावेश गरिएको छ । नगरपालिकाले बिगत तीन आर्थिक बर्षदेखि यस शीर्षकमा आय प्राप्त गरेको देखिन्छ । नगरपालिकाका विशेषगरी माडि खोला, हुम्री खोला, धाङसी खोलाका केहि क्षेत्रमा प्रारम्भिक वातावरणीय सर्भेक्षण गरी बिक्रिबितरणका लागि ठेक्का पट्टामा लगाउने गरेको पाईन्छ । राजस्व शाखाको जानकारी अनुसार आ.ब. २०७७/७८ मा रु ३०७८३७, आ.ब. २०७८/७९ मा रु ११४३४८५ बराबर यस शीर्षक बाट प्राप्त भएको छ ।

**सम्भाब्यता**

चालु आ.ब.मा प्रारम्भिक वातावरणीय प्रभाव मुल्याङ्कनको आधारमा यस वर्ष रु.१७६५८०० मा ठेक्का सदर भएको देखिन्छ । नगरपालिकाले गराएको प्रारम्भिक वातावरणीय सर्भेक्षणको सुझाव अनुसार उल्लेखित स्थानबाट कमसेकम ९९६९०० घनफिट बराबरको रु.१९९३८०० (रु २ प्रतिघनफीट) बराबर आम्दानी गर्न सकिने सुझाव रहेको देखिन्छ । नगरक्षेत्रमा निर्माण कार्यको तीव्रता तथा निर्माण सामग्रीको उच्चमाग लाई मध्यनजर गर्दा नगरपालिकाले आगामी दिनमा वातावरणीय प्रभाव अध्ययन गरी रु २० लाख बराबरको आम्दानी गर्न सकिने सम्भाबना देखिन्छ ।

**सुधारका पक्षहरू**

- वातावरणीय अध्ययन प्रतिवेदनले सिफारिस गरेका मापदण्डभित्र रहेर उत्खनन् तथा बिक्री कार्यका लागि ठेक्का आव्हन गर्ने ।
- संकलन कार्यको नियमित रूपमा अनुगमन गरी अध्ययन प्रतिवेदनले सिफारिस गरेको मापदण्ड भित्र मात्र रहेर उत्खनन् हुने कार्य सुनिश्चित गर्ने
- ठेक्का नलाग्ने अवस्था भएमा नगरपालिका स्वयंले अमानतबाट वा घाटगद्दि गरेर बिक्रिबितरण गर्न सकेमा आय वृद्धि गर्न सकिन्छ ।

# परिच्छेद चार - आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था

## ४.१ राजस्व परिचालन सम्बन्धि नीति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ अनुसार नगरपालिकाको उपमेयरको संयोजकत्वमा राजस्व परामर्श समिति गठन गर्ने व्यवस्था रहेको छ । यस समितिको मुख्य जिम्मेवारी राजस्व सम्बन्धि नीति तथा कानुनको तर्जुमा,संशोधन,परिमार्जन र सोको परिपालनाका साथै राजस्व प्रशासन सुधारका लागि आवश्यक परामर्श दिने रहेको छ । नगरपालिकामा दोस्रो कार्यकालका लागि निर्वाचित जनप्रतिनिधिहरू आय पश्चात यो समितिको गठन तथा यसले कार्यसम्पादन गरेको देखिन्छ ।

*तालिका १३: राजस्व परामर्श समिति विवरण*

| क्र.सं. | नाम | पद | समिति/जिम्मेवारी |
|---|---|---|---|
| १ | गीता आचार्य | नगर उप प्रमुख | संयोजक |
| २ | महेन्द्र पराजुली | प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| ३ | तोप बहादुर नेपाली | वडा अध्यक्ष ५ | सदस्य |
| ४ | माला रोकामगर | कार्यपालिका सदस्य | सदस्य |
| ५ | प्रतिनिधि | अध्यक्ष'नगर उद्योग वाणिज्य संघ रोल्पा | सदस्य |
| ६ | प्रतिनिधि | प्रतिनिधि घरेलु तथा साना उद्योग महासंघ | सदस्य |
| ६ | धर्मराज डाँगी | राजस्व शाखा प्रमुख | सदस्य सचिव |

राजस्व परामर्श समितिले आवश्यकता अनुसार बैठक तथा  छलफल गरी राजस्वका दररेटहरू तथा राजस्व सम्बन्धि नीतिगत निर्णयहरू नगरसभा समक्ष पेश गर्ने गरेको छ। नगरपालिकाको राजस्व शाखामा हाल जम्मा एकजना पाँचौं तहको कर्मचारीलाई जिम्मेवारी प्रदान गरिएको छ। जिम्मेवारी, भूमिका र सेवा ग्राहीहरूको चाप तथा वडाहरूको संख्या लाई मध्यनजर गर्दा प्रभावकारी रूपबाट राजस्व प्रशासन संञ्चालनको लागि आवश्यक जनशक्तिको अभाव रहेको देखिन्छ । यस अर्थमा नगरपालिकाले सम्बन्धित शाखाको कार्यबोझ, जिम्मेवारी अनुसार राजस्व शाखामा आवश्यक जनशक्ति व्यवस्थापन गर्नुपर्ने देखिन्छ। विद्यमान मौजुदा जनशक्तिलाई क्षमता अभिवृद्धि गर्न तालिम तथा उत्प्रेरणा हुने किसिमका कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

### ४.१.१ नगरपालिकाको आ.व.२०७९/०८० राजस्व सम्बन्धि नीतिहरू

रोल्पा नगरपालिकाको आ.व.२०७९/०८० को आर्थिक ऐन तथा वार्षिक बजेटको नीति तथा कार्यक्रमहरूमा भएको व्यवस्था अनुसार राजस्व सम्बन्धि व्यवस्था निम्न अनुसार रहेको छ ।

- हामीले तिरेको कर हाम्रै विकासका लागि भन्ने अभियानका साथ नगरक्षेत्रका सबै आर्थिक क्रियाकलापहरूलाई करको दायरामा आबद्ध गरिनेछ । नगरपालिकालाई आन्तरिक आयमा सुदृढ गर्न राजस्व प्रणालीमा सुधार गरिनेछ । आन्तरिक आयवृद्धि गर्नका लागि राजस्वका/करका विभिन्न क्षेत्रहरूको पहिचान गरिनेछ । करको दरभन्दा पनि दायरा फराकिलो नागरिक मैत्री कर नीति अङ्गीकार गरिनेछ ।

- चालु खर्चलाई मितव्ययी र वाञ्छित सीमाभित्र राखी पूँजीगत खर्चलाई प्राथमिकता प्राप्त क्षेत्रमा समयमै खर्च गर्ने प्रणालीको विकास गरिनेछ ।
- नदीजन्य वस्तुहरू बालुवा, गिट्टी र ढुङ्गाका लागि टेण्डर आह्वान गरी करको दायरामा ल्याउने कार्यलाई निरन्तरता दिइनेछ । नगरक्षेत्रभित्रका टेलिफोन टावर, केबल लाइन र होर्डिङ बोर्डमा कर लगाइनेछ।
- फोहोरमैला व्यवस्थापन बापत प्रत्येक घरधुरी, संघ/संस्था, कार्यालय, व्यापारिक पसललाई कर/शुल्क लगाइनेछ ।
- नगरपालिकाले विभिन्न क्षेत्रबाट प्राप्त गर्ने कर, शुल्क तथा दस्तुरलाई प्रभावकारी रूपले सङ्कलन गर्नका लागि सम्बन्धित सरोकारवाला निकायसँग सहकार्य गरिनेछ ।
- लिसो लगायत वन पैदावार, ढुङ्गा, बालुवा गिट्टीलगायतका क्षेत्रको सुक्ष्म अध्ययन गरी कर प्रणालीमा ल्याइनेछ । हालसम्म असुली गर्न नसकिएको घरबहाल करलगायतका करका दरहरूको अध्ययन गर्न विज्ञसहितको राजस्व परामर्श कार्यदल गठन गरी अघि बढिनेछ ।
- नगरपालिकाभित्र रहेका खोला तथा खनिज पदार्थहरूको सम्भाव्य अध्ययन गरिनेछ र ऊर्जा एवम् खनिज पदार्थ उत्खनन कार्यलाई अगाडि बढाई आन्तरिक आयस्रोतलाई दीगो बनाइनेछ ।
- कर सङ्कलन लागत कमी गर्न सबै वडाहरूमा अनलाइन प्रणाली अवलम्बन गरिनेछ । नगरपलिकाको अनलाइन कर पेमेन्ट प्रणालीलाई अझ प्रभावकारी बनाइनेछ ।

## ४.२ विगतको राजस्व संकलनको अवस्था

रोल्पा नगरापलिकाको विगत तीन वर्षको आयको अध्ययन गर्दा आन्तरिक आयको योगदान ज्यादै न्युन रहेको देखिन्छ । आन्तरिक आयको वृद्धि आधारवर्ष भन्दा अर्को वर्ष उच्च वृद्धि देखिन्छ भने पछिल्लो वर्ष मध्य वर्षभन्दा पनि आन्तरिक आयको रकम घटेको पनि देखिन्छ । नगरपालिकाको अधिकार क्षेत्रभित्र पर्ने कर र गैरकरका सम्भावनाको तुलनामा दायरामा आउन सकेको देखिँदैन। नगरपालिकाले कर र गैर करका शीर्षकहरूमा पनि स्पष्ट राजस्वका संकेत अनुसार आय कायम गरेको देखिँदैन। जसले गर्दा नगरपालिकाको समग्र राजस्व प्रक्षेपणलाई प्रभावकारी बनाउन कठिनाइ रहेको छ । आन्तरिक आय अन्तरगत सम्पत्तिकरको योगदान बढी रहेको छ भने त्यसपछि दस्तुर तथा विविध शुल्क रहेको छ । नगरपालिकाले सम्पत्तिकर, व्यवसायकर, बाहालकर, नदीजन्य बस्तुको विक्रिबितरण जस्ता क्षेत्रमा संम्भावनाको तुलनामा आय संकलन गर्न सकेको देखिँदैन ।

विगत तीनवर्षको आन्तरिक आयको अध्ययन गर्दा गत आ.ब.२०७६/७७ रु ६७७०९२९, आ.ब.२०७७/७८ रु १३८१९०४५, आ.ब.२०७८/७९ रु १०६९६८५५ संकलन भएको देखिन्छ भने चालु आ.ब.२०७९/८० का लागि रु २ करोड आयको अनुमान गरेको देखिन्छ ।

तालिका १४: नगरपालिकाको बिगत तीन वर्षको आन्तरिक आयको अवस्था

| राजस्व संकेत | आम्दानी शीर्षक | आ.ब. | | | |
|---|---|---|---|---|---|
| | | २०७६/७७ यथार्थ | २०७७/७८ यथार्थ | २०७८/७९ यथार्थ | २०७९/८० अनुमान |
| ११३१३ | सम्पत्ति कर | १६१३९५३ | १९५८६४३२ | १९९४०४० | ७०००००० |
| ११३१४ | भुमिकर/मालपोत | १९४४२९ | ३८०७३८ | ६७५३२ | ५००००० |
| ११३२१ | घरवहाल कर | ४८१८४६ | २७०६६२ | ७०८०५५ | २००००० |
| ११४५१ | सवारी साधन कर (साना सवारी) | ० | | ० | २००००० |
| ११४५२ | मालपोत रजिष्ट्रेशन दस्तुर | ० | ७०५२३८९ | २५०७३८८ | ४०००००० |
| ११४५२ | पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ० | | ० | ० |
| १४२४२ | नक्सापास दस्तुर | ० | ० | ० | ५००००० |
| १४२४३ | सिफारिस दस्तुर | ७६६३०८ | ८२४१६६ | ९१५९१२ | १०००००० |
| १४२४९ | अन्य दस्तुर | ३३५४०१३ | ३२५५५९८ | ४१४९६७९ | २५००००० |
| १४६११ | व्यवसाय कर | ३६०३८० | ७६८५० | १२८६०१ | ३०००००० |
| १४२४४ | व्यक्तिगत घटना दस्तुर | ० | ० | १६५१९१ | ० |
| १४२४५ | नाता प्रमाणित दस्तुर | ० | ० | ५५४५७ | ५००००० |
| ११६३२ | अखेटापहारमा लाग्ने कर | ० | ० | ० | ४००००० |
| जम्मा | | ६७७०९३० | १३८१९०४५ | १०६९६८५५ | २०००००० |

तालिका १५: नगरपालिकाको चालु आ.व. २०७९/८० मा आन्तरिक आयको लक्ष्य तथा प्रगति

| क्र.सं. | राजस्व संकेत | आम्दानी शीर्षक | अनुमान | फागुन महिना सम्मको आम्दानी |
|---|---|---|---|---|
| १ | ११३१३ | सम्पत्ति कर | ७०००००० | १६१९६१७ |
| २ | ११३१४ | भुमिकर/मालपोत | ५००००० | २३७१५.४६ |
| ३ | ११३२१ | घरवहाल कर | २००००० | ४१५७४५ |
| ४ | ११४५१ | सवारी साधन कर (साना सवारी) | २००००० | ७२००० |
| ५ | ११४७९ | अन्य मनोरञ्जन कर | २००००० | ० |
| ६ | ११६३२ | अखेटापहारमा लाग्ने कर | ४००००० | २००००० |
| ७ | ११४५२ | मालपोत रजिष्ट्रेशन दस्तुर | ४०००००० | ० |
| ८ | १४२४२ | नक्सापास दस्तुर | ५००००० | २४६९ |
| ९ | १४२४३ | सिफारिस दस्तुर | १०००००० | ४००२९९ |
| १० | १४२४९ | अन्य दस्तुर | २५००००० | ४६३७६३९ |
| ११ | १४६११ | व्यवसाय कर | ३०००००० | ७५५९१० |
| १२ | १४२४४ | व्यक्तिगत घटना दस्तुर | ० | १६८१३५ |
| १३ | १४२४५ | नाता प्रमाणित दस्तुर | ५००००० | ३०६७६ |
| जम्मा | | | २०००००० | ८३२६२०५.४६ |

माथिको तालिका बाट नगरपालिकाले अनुमान गरेको वार्षिक आन्तरिक आयको तुलनामा राजस्व संकलनको अवस्था कमजोर देखिन्छ। चालु आ.व.को दोस्रो चौमासिकको अन्त्य सम्मको राजस्वको उठतीको दर अनुमान गरेको लक्ष्यको तुलनामा कम देखिन्छ । यस सन्दर्भमा नगरपालिकाको राजस्व सुधार योजनाले सुझाएका विषय बस्तुहरूमा मध्यनजर गरी राजस्व प्रशासनमा सुधार तथा आन्तरिक आय अभिवृद्धिका कार्यक्रमहरू प्रभावकारी रूपमा लागु गर्नु आवश्यक देखिन्छ ।

### ४.३ आय संकलनको संस्थागत क्षमता

यस रोल्पा नगरपालिकाको जनसंख्या, वडा कार्यालयको संख्या, सेवाग्राहीको चाप कर तथा गैर करको अधिकार र संकलनको अवस्था हेर्दा विद्यमान संगठन तथा संरचना पर्याप्त भएको देखिँदैन । हाल यस नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण गर्ने, संगठनात्मक स्वरूप तयार गर्ने वास्तविक दरबन्दीको एकीन गर्ने काम बाँकी रहेको छ । स्थलगत अवलोकन तथा विभिन्न सूचनाका आधारमा हेर्दा हाल नगरपालिकाको राजस्वको संस्थागत क्षमता देहायअनुसार रहेको छ ।

- स्थानीय राजस्व परामर्श समिति गठन तथा परिचालन ।
- राजस्व सम्वन्धि कामकाजका लागि प्रशासनिक रूपमा राजस्व शाखा गठन भई काम गरिरहेको।

- नगरपालिकाको कर तथा गैरकर संग सम्बन्धित नगरक्षेत्र भित्र एकिन सूचना तथा तथ्याङ्कको अद्यावधिक नभएको ।
- राजस्वका शीर्षकहरूको संकेत अनुसार आम्दानी ब्यवस्थित नभएको ।
- राजस्व प्रशासनका लागि आवश्यक कर्मचारी र भौतिक सुविधा प्रर्याप्त नरहेको ।
- राजस्व संकलन कार्यका लागि नगरपालिका तथा वडा कार्यालयहरूमा कम्प्युटर तथा सप्फटवेयर उपयोग भएको ।
- वडा कार्यलयबाट मुख्य रूपमा सम्पत्ति कर ,मालपोत, पञ्जीकरण, सिफारिस दस्तुर संकलन गर्ने गरिएको ।
- वडा कार्यालयहरूले संकलन भएको रकम एकमुष्ठ मासिक रूपमा बैंक दाखिला गरी विवरण सहित आर्थिक प्रशासन शाखामा बुझाउने गरेको ।
- नगरपालिकाको आन्तरिक आयका शीर्षकहरूमा लक्ष्य र यथार्थ संकलन बीचको तालमेल कमजोर रहेको ।
- राजस्व बजेट तथा प्रतिवेदन प्रणाली तोकिएको ढाँचामा नभएको ।
- राजस्व परिचालन सम्बन्धि छुट्टै नीति नबनेको ।
- राजस्व संकलनको जिम्मेवारी सहित कार्यरत कर्मचारीहरूका लागि तालिम तथा अभिमुखीकरण अभाव रहेको ।
- हालसम्म राजस्व संकलन तथा त्यसको प्रभावकारिताका लागि अनुगमन तथा मूल्यांकन नभएको।

### ४.४ संस्थागत क्षमता स्वमुल्याङ्कनको अवस्था

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय सरकारको कार्य प्रकृया र उपलब्धिहरूको लेखाजोखा गरी सबल र दुर्बल पक्षहरूको पहिचान गर्न संस्थागत क्षमता स्वमुल्याङ्कनको प्रावधान आ.ब. २०७७।०७८ बाट शुरु गरेको छ । जसका लागि स्थानीय सरकार संञ्चालन ऐन २०७४ को दफा ८० को प्रयोजनको लागि स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि २०७७ जारी गरेको छ। कार्यविधि अनुसार हरेक स्थानीय तहले १० वटा क्षेत्रमा सय वटा सूचकको परिधिमा बसेर स्थानीय तहले आफ्नो मुल्याङ्कन वार्षिक रूपमा गर्नुपर्ने प्रावधान रहेको छ । यो स्वमुल्याङ्कनको नतिजाले कुनैपनि नगरपालिकाको कार्यसम्पादन तथा आर्थिक प्रसाशन तथा राजस्व प्रसाशन अवस्थालाई देखाएको हुन्छ । यस सन्दर्भमा रोल्पा नगरपालिकाको तीन आर्थिक वर्षमा सम्पादन गरेको कार्य प्रगतिको संस्थागत स्वमुल्याङ्कनको नतिजा कुल १०० पुर्णाङ्कमा बाट प्राप्त गरेको कुल अंक तथा प्रत्येक सुचक अनुसार प्राप्त नतिजा लाई तलको तालिका बाट हेर्न सकिन्छ ।

*तालिका १६: संस्थागत क्षमता स्वमुल्याङ्कनको अवस्था*

| क्र.सं | विषय क्षेत्र | कुल अंक | आ.ब.०७६/०७७ | आ.ब.०७७/०७८ | आ.ब.०७७/०७८ |
|---|---|---|---|---|---|
| १ | शासकिय प्रवन्ध | ९ | ६.२५ | ६.५ | ९ |
| २ | संगठन तथा प्रशासन | ८ | ४.५ | ५.५ | ८ |
| ३ | वार्षिक बजेट तथा योजना व्यवस्थापन | ११ | ६.५ | ६.५ | ९.२५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | वित्तिय एव आर्थिक व्यवस्थापन | ११ | ७.५ | ९.२५ | ९.७५ |
| ५ | सेवा प्रवाह | १६ | ८ | १२ | १५.५ |
| ६ | न्यायिक कार्यसम्पादन | ७ | ४.५ | ४.५ | ५.५ |
| ७ | भौतिक पूर्वाधार | १३ | ६.५ | ७.५ | ६ |
| ८ | सामाजिक समावेशीकरण | १० | ३.५ | ६ | ८.५ |
| ९ | वातावरण तथा विपद व्यवस्थापन | ९ | ४ | ५.५ | ५ |
| १० | सहकार्य तथा समन्वय | ६ | २.५ | ५.५ | ५.७५ |
| | कुल जम्मा | १०० | ५३.७५ | ६८.७५ | ८२.२५ |

**४.५ राजस्व परिचालनमा रहेका सवालहरू**

रोल्पा नगरपालिकाको आन्तरिक आय सुधारका लागि उल्लेख्य काम गर्नुपर्ने खाँचो देखिएको छ । यहाँ रहेका समस्या तथा सवालहरूलाई देहायअनुसार प्रस्तुत गरिएको छ ।

**क. कर संकलन सामर्थ्यको अभिवृद्धि**

संविधान/कानुनद्वारा अख्तियार प्राप्त तथा नगरपालिकाको नियमित, दिगो तथा महत्वपूर्ण आन्तरिक स्रोतका रूपमा रहेका सम्पत्ति कर, व्यवसाय कर, घरजग्गा बहाल करजस्ता करहरू प्रभावकारी कार्यान्वयनमा आउन सकेको छैन । नगरपालिकाले आन्तरिक आय वृद्धि गर्नका लागि सम्पत्ति करको दायरामा नआएका करदाताहरूलाई सचेतना, उत्प्रेरणामुलक तथा बाध्यकारी नियम बनाई लागु गर्नु पर्ने देखिन्छ । कर संकलनका सबै सम्भाव्य क्षेत्रहरूलाई यस अध्ययनको क्रममा पहिचान गरिएअनुरूप तिनीहरूको व्यवहारिक कार्यान्वयनमा ल्याउनुपर्ने देखिन्छ ।

**ख) संगठनात्मक संरचना र कर्मचारी व्यवस्था**

नगरपालिका राजस्व उपशाखामा छुट्टै कर्मचारी व्यवस्था गरिएको छ। तर विद्यमान कर्मचारीको सम्वन्धित शाखाको लागि कार्यबोझ र जिम्मेवारी अनुसार अपर्याप्तता रहेको देखिन्छ। नगरपालिकाको संगठन व्यवस्थापन सर्भेक्षण गरी कार्यबोझ तथा कार्यसम्पादनको जिम्मेवारी एकिन गनुपर्ने देखिन्छ । नगरपालिकाका कार्यालयमा शाखा, उपशाखा, एकाइहरूको आवश्यकता पहिचान गरी सम्बन्धित शाखा, उपशाखा, एकाइहरूको कामको चाप तथा आवश्यकताका आधारमा कर्मचारी दरबन्दी स्वीकृत तथा समय समयमा तालिमको व्यवस्थापन गरी कार्यदक्षता अभिवृद्धि गर्नुपर्ने हुन्छ ।

**ग). तथ्यांक संकलन तथा नियमित अद्यावधिक पद्धति स्थापना**

